# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्य व्यवस्थापन हो । व्यवस्थापनमा निर्धारित उद्देश्य प्राप्तिका लागि योजना, कार्य सम्पादन, मूल्याङ्कन, नियन्त्रण, उत्प्रेरणा तथा समन्वय जस्ता कार्यहरु समावेश भएका हुन्छन् । प्रत्येक संस्थाका उद्देश्यहरु पूरा गर्न मानवीय, भौतिक, आर्थिक पक्षहरुको प्रबन्ध गर्ने, तौरतरिका छनौट गर्ने तथा सरल र व्यवस्थित ढंगले प्रयास गरिएको हुन्छ ।

लम्साल (२०६४) ले उल्लेख गरे अनुसार शैक्षिक क्षेत्रको विकास र विस्तारको इतिहासलाई हेर्दा भौतिक पक्ष आधारभूत पक्षको रुपमा रहेको देखिन्छ । प्राचीन कालको गुरुकुल शिक्षादेखि नै हेर्ने हो भने शैक्षिक क्रियाकलाप संचालन गर्ने क्रममा भौतिक पक्षहरु पिरा, भूई, रुखको फेद, कुटी, आश्रम आदिको रुपबाट सुरु भई वर्तमान अवस्थासम्म विकास हुँदै आएको पाइन्छ । यसैले विद्यालयको स्थापनाको पूर्वावस्थादेखि नै सिक्ने र सिकाउने कार्यमा भौतिक पक्ष मुख्य हुदै आएको पाइन्छ । कक्षाकोठा, भवन, खानेपानी, घेरावारा लगायत सम्पूर्ण पूर्वाधारहरु तयार भएपछि मात्र कुनैपनि क्षेत्र वा स्थान शैक्षिक संस्थाको थालनी योग्य हुने गर्दछ । यसैगरी विद्यालयको प्रारम्भदेखि नै त्यसको भौतिक पक्षको अवस्था र व्यवस्थापनले शैक्षिक क्षेत्रको उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । विद्यालयको भौतिक पक्षको व्यवस्थापनको आधारमा नयाँ विद्यार्थी भर्ना दर, बीचमा विद्यालय छोड्ने दर, विद्यालयमा नियमित उपस्थिति हुने लगायतमा सुधार आएको देखिन्छ । जुन विद्यालयको सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउने प्रमुख पक्षहरु हुन् ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) मा उदृत गरेअनुसार शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरु प्रभावकारी एवं सफलतापूर्वक संचालन गराउने प्रक्रिया हो । शैक्षिक व्यवस्थापनमा शिक्षण एवं सिकाइमा आधारित लक्ष्यहरु तथा नीतिहरुको विकासमा सहायता गर्न शिक्षणसिकाईको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षणसिकाई क्रियाकलापको संचालन गर्ने कर्मचारी र सामग्रीहरुको व्यवस्था गर्ने कुराहरु समेत पर्दछन् । शैक्षिक व्यवस्थापन शैक्षिक गतिविधिको एक महत्वपूर्ण प्रक्रिया हो । शिक्षामा गरिएको लगानीलाई सही तरिकाबाट कार्यान्वियन गर्नका लागि शैक्षिक व्यवस्थापनको महत्वपूर्ण

भूमिका रहेको हुन्छ । शिक्षामा लगानी मात्र गरेर उपलब्धि हासिल गर्न सकिदैन, त्यो लगानीको सही र संगठित रुपमा परिचालन पनि गरिनु पर्दछ । यसका लागि दरिलो र गतिलो व्यवस्थापनको आवश्यकता पर्दछ ।


अधिकारी (२०६८) ले उल्लेख गरेअनुसार नेपालको शिक्षा प्रणाली र शैक्षिक कार्यक्रमहरुलाई हेर्दा सायदै विश्वका अन्य विकसित मुलुकहरुको तुलनामा कमजोर रहेको देखिदैन । राष्ट्रको हरेक वर्षको बजेट विनियोजनलाई हेर्ने हो भने शैक्षिक क्षेत्रमा गर्दै आएको लगानी दिनानुदिन बढ्दो क्रममा छ । शिक्षा मन्त्रालय मार्फत हरेक वर्ष अधिकतम संख्यामा शिक्षक तालिमको व्यवस्था, शैक्षिक पाठ्यसामग्रीको व्यवस्था, विद्यार्थी छात्रवृत्तिको व्यवस्था, शिक्षकको उचित तालिम भत्ताको व्यवस्था जस्ता कार्यक्रमहरु वृद्धि भइरहेको पाइन्छ । यति मात्र नभएर भर्खरै शैक्षिक सत्र २०६८ देखि शिक्षक पोशाकको व्यवस्था र सुविधा समेत प्रदान गरिएको छ । यसरी हेर्दा राज्यले शैक्षिक क्षेत्रमा ठूलो धनराशी खर्च गरिरहेको छ । वैदेशिक दातृ संघसंस्थाहरुबाट पनि उत्तिकै मात्रामा वर्षेनी अनुदानहरु प्राप्त भइरहेका छन् । यद्दपि नेपालको शैक्षिक उपलब्धिको अवस्था विश्व मापदण्डसँग तुलना गरेर हेर्दा अत्यन्तै न्यून र सुधारोन्मुख अवस्थामा नै छ भन्दा अत्युक्ति नहोला, किनकी नेपालमा एउटा दक्ष र गुणस्तर शिक्षित व्यक्ति विश्वको कुनैपनि मुलुकमा जानु अगाडि भाषा लगायत अन्य क्षेत्रगत ज्ञानको पुनः तालिम दिनुपर्ने जरुरी हुन्छ ।

दाहाल (२०६८) का अनुसार अर्कोतर्फ राज्यले राखेको शैक्षिक मापदण्ड अनुसारको शैक्षिक उद्देश्य तथा लक्ष्यहरु प्राप्ति भइरहेको छैन । यसर्थ शैक्षिक उद्देश्य प्राप्तिको लागि तालिम प्राप्त शिक्षक र लगानीको पर्याप्तता मात्र हुँदैमा सम्भव हुँदैन । हिजोआज नेपालका अधिकांश विद्यालयहरुमा हेर्ने हो भने यहि समस्या विद्यमान रहेको देखिन्छ । हालसालै मात्र शैक्षिक सत्र २०६७ को एस.एल.सी. नतिजालाई हेर्ने हो भने ५४ प्रतिशत रहेको देखिन्छ । यसलाई उच्च दरमा लैजान सकिएको छैन । प्रत्येक विद्यालयहरुमा शिक्षकहरु तालिम प्राप्त, अनुभवी तथा परिपक्व देखिन्छन् । तर पनि नतिजामा यस्तो न्यून संख्यात्मक रुपमा रहेको पाइन्छ भने गुणत्मकतातर्फ पनि त्यतिकै न्यून हुँदै गएको देखिन्छ । यसको मूल जड शैक्षिक व्यवस्थापन अन्तर्गत पर्ने प्रशासनिक व्यवस्थापन, भौतिक व्यवस्थापन, कक्षा व्यवस्थापन, शैक्षणिक व्यवस्थापन जस्ता पक्षहरु महत्वपूर्ण रहेका छन् । जसमध्ये भौतिक व्यवस्थापन

पनि एउटा महत्वपूर्ण पक्ष हो । भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाइ उपलब्धिमा मनोवैज्ञानिक ढंगबाट पारेको प्रभावलाई हेर्दा विद्यालयहरुको भौतिक व्यवस्थापन उचित प्रकारले गरेको अवस्थामा सिकाइ उपलब्धि गुणस्तरीय हुने गरेको पाइन्छ ।

विद्यालयको शैक्षणिक क्रियाकलापलाई भौतिक व्यवस्थापनसँग सामिप्यता गरी हेर्दा अत्यन्तै महत्वपूर्ण आधारभूत तत्वको रुपमा रहेको देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापनको आधारमा त्यस विद्यालयको शैक्षिक क्रियाकलाप र उपलब्धि अगाडि बढेको हुन्छ । विद्यालयको भौतिक पक्षको उचित व्यवस्थापन हुन सकेमा शैक्षिक वातावरण कायम हुने, उपयुक्त शैक्षिक वातावरण कायम हुन सकेमा विद्यार्थीहरु स्वःउत्प्रेरित हुने, विद्यार्थीहरुमा सिकाई उत्प्रेरणा जागृत भई सिकाई क्रियाकलाप प्रभावकारी हुने गर्दछ । अन्ततोगोत्वा सिकाई उपलब्धि उद्देश्यमूलक हुने कुरालाई विभिन्न शिक्षाविद् र मनोवैज्ञानिकहरुको धारणाद्वारा बुझ्न सकिन्छ । विद्यालयको भौतिक व्यवस्थापन र सिकाई उपलब्धि वीचको सम्बन्धलाई निम्न अनुसार चार्टद्वारा देखाउन सकिन्छ ।

*भौतिक व्यवस्थापन र सिकाई उपलब्धिवीचको सम्बन्ध*





*स्रोत : नेपालको शैक्षिक प्रणाली (२०६८)*

बालबालिकाहरुको पहिलो पाठशाला उसको आफ्नो घरपरिवार हो भने दोश्रो पाठशाला विद्यालय हो । अझ भन्ने हो भने बालबालिकाहरुको शिक्षादीक्षा, नैतिकता र सामाजिक

सदस्यको रुपमा परिसंक्रित हुने घर नै विद्यालय हो । त्यसैले प्रत्येक बालबालिकाको लागि विद्यालयको वातावरण, परिवेश, विद्यालय परिवार, भौतिक संरचना जस्ता कुराहरु विद्यार्थी अनुकुल हुन आवश्यक छ । जहाँ बालबालिकाहरुले स्वच्छ शान्त र शैक्षिक वातावरण प्राप्त गर्न सक्दछन् त्यहाँ आफ्नो स्तर, क्षमता, उमेर र रुची अनुरुप शिक्षणसिकाई क्रियाकलापमा सहभागी भई लक्षित सिकाई उपलब्धि हासिल गर्न सक्दछन् । गुणस्तरीय शैक्षिक उपलब्धि हासिल गर्न र गराउनका लागि विद्यालयको भौतिक पक्षको व्यवस्थापन महत्वपूर्ण हुन आउँछ ।

विद्यालयको भौतिक पक्ष भन्नाले विद्यालयको शारीरिक संरचना अन्तर्गत भवन, कक्षाकोठा, कोठाको आकार, वनावट, विद्युत, पंखा, चौर, कालोपाटी, शौचालय, आदि पर्दछ । विद्यालयको कक्षाकोठाको बनावट हावादार, विद्यार्थी सजिलै बस्नसक्ने, कालोपाटीमा लेखिएका कुराहरु प्रष्टसँग देख्न सक्ने, बस्ने डेस्कबेञ्च आरामदायी हुनुपर्ने जस्ता कुराहरु भएमा बालबालिकाहरु सिकाईप्रति स्वः उत्प्रेरित हुने गर्दछन् । त्यसैगरी खेलकुद मैदान, विद्यालय घेराबारा, पिउने पानी, पुस्तकालय, स्वः-अध्ययन कक्ष (पुस्तकालय) आदि जस्ता कुराहरुले विद्यार्थीहरुको सिकाई उपलब्धि उच्च र स्तरीय बनाउन प्रेरक तत्वको रुपमा रहेको हुन्छ । बालबालिकाहरुको चौतर्फी विकासका लागि शैक्षणिक व्यवस्थापन जतिसुकै राम्रो भए तापनि भौतिक पक्षको व्यवस्थापन राम्रो छैन भने बालबालिकाहरुको सर्वाङ्गिण पक्षको विकासमा सकारात्मक परिवर्तन ल्याउन कठिनाई हुन्छ । त्यसैले कुनैपनि विद्यालयको भौतिक व्यवस्थापन सुदृढ गर्न विभिन्न प्रकारका साधन र स्रोतहरुको परिचालन र संकलनमा विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । कक्षाकोठाको अभाव, जीर्ण भवन, पानी चुहिने छानो, खुल्ला झ्याल ढोका, फर्निचरको अभाव, कार्यालय कोठाको अभाव, खेल्ने चौर आदि कुराहरुको अभावमा बालबालिकाहरुको सिकाई क्रियाकलापमा प्रत्यक्ष असर पुगी सिकाई उपलब्धि हासिल गर्न कठिन हुन्छ । बालबालिकाहरुलाई बालमैत्रीपूर्ण वातावरणको सृजना गराई स्वच्छ र शान्त वातावरणमा सक्रिय सहभागीता गराई सिकाईमा प्रभावकारी उपलब्धि हासिल गराउन विद्यालयको भौतिक व्यवस्थापन मजबुत हुनु पर्दछ । विद्यालयको भौतिक व्यवस्थापनका विविध पक्षहरु मध्ये केही महत्वपूर्ण पक्षहरुलाई तलको चार्टमा अन्तरसम्बन्धित गरि देखाइएको छ ।

*भौतिक व्यवस्थापनका विविध पक्षहरु*




*स्रोत : नेपालको शैक्षिक प्रणाली (२०६८)*

हरेक विद्यालयको सिकाई उपलब्धिमा भौतिक व्यवस्थापनले प्रत्यक्ष भूमिका निर्वाह गरेको हुन्छ भन्ने तथ्यलाई विश्लेषणात्मक रुपमा अध्ययन गर्ने प्रयासका साथ यो शोधपत्र तयार पारिएको हो । यसै सन्दर्भमा सानो क्षेत्रबाट भएपनि अध्ययन अनुसन्धान गर्ने जमर्को गर्दै झापा जिल्ला पृथ्वीनगर गा.वि.स.मा रहेका विद्यालय हरुमा भइरहेको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभावलाई अध्ययन गर्नका लागि यो शोधपत्र तयार पारिएको छ । प्रस्तुत शीर्षकमा शोधअध्ययन गर्ने क्रममा यस पृथ्वीनगर गा.वि.स.का विद्यालयहरुको भौतिक अवस्था, व्यवस्थापन, विद्यार्थीहरुको सिकाई उपलब्धि सम्बन्धमा शिक्षक-विद्यार्थी प्रतिक्रिया, अभिभावक तथा स्रोतव्यक्ति प्रतिक्रिया लगायत प्राथमिक तथा द्वितीय तथ्याङ्कहरुलाई संकलन गरी गुणात्मक तथा परिमाणात्मक रुपबाट व्याख्या विश्लेषण गरी यो शोधपत्र तयार पारिएको छ ।

## १.२. समस्याको कथन

बालबालिकाहरुको सिकाई उपलब्धि हासिल गर्ने औपचारिक संस्था भनेकै विद्यालय हो । विद्यालयको शैक्षिक गतिविधिलाई प्रभावकारी र गुणस्तरीय बनाएर लैजानको लागि शिक्षासँग सम्बन्धित मन्त्रालय, संघसंस्था तथा दातृ निकायहरु लागि परेका छन् । विद्यालयको शैक्षिक उपलब्धिलाई गुणस्तरीय बनाउनलाई विद्यालय सुधार योजनाहरु निर्माण

भएका छन् , कार्यान्वयन तहमा पुगेका छन् । यद्दपी लक्ष्योन्मूख सफलता भने हासिल हुन सकेको छैन । विद्यालय सुधार योजना अन्तर्गत विद्यालयको भौतिक, शैक्षिक, मानवीय आदि सबै पक्षहरुमा समुचित सुधारको आवश्यक छ । त्यसैगरी अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्र.अ., शिक्षक लगायत सरकारी तथा गैरसरकारी निकायहरु विद्यालयको शैक्षिक उपलब्धिमा गुणस्तरीय बनाउन लागीपरेका देखिन्छन् । यद्दपी वर्तमान अवस्थासम्म आइपुग्दासम्म पनि विद्यालयहरुको शैक्षिक उपलब्धि आशातीत ढंगबाट माथि उठ्न सकेको छैन । यसको महत्वपूर्ण कारणको रुपमा विद्यालयको भौतिक पक्षको व्यवस्थापन पनि रहेको छ । विद्यालयहरुमा भौतिक पक्षको व्यवस्थापन र देखिएको समस्याहरुलाई र त्यसबाट परेको प्रभावलाई यस अध्ययन अनुसन्धानमा विश्लेषणात्मक रुपमा उठान गर्ने प्रयत्न गरिएको छ ।

वर्तमान अवस्थामा नेपालमा रहेका विद्यालयहरुमा शैक्षिक उपलब्धिको अवस्था दयनीय अवस्थामा रहेको देखिन्छ । यसो हुनुमा मुख्यतय विद्यालयको भौतिक संरचना र भौतिक पक्षको व्यवस्थापन नै देखिन्छ । भौतिक पक्षको व्यवस्थापन अन्तर्गत विद्यालयको भवन, कक्षाकोठा, शौचालय, घेराबारा, धारा, खेल मैदान आदिको उपयुक्त र उचित तवरले व्यवस्थापन हुन नसक्नु हो । केही विद्यालयहरुमा भौतिक अवस्था मजबुद देखिए तापनि त्यसको उचित व्यवस्थापन हुन सकेको छैन भने केही विद्यालयहरुमा भौतिक व्यवस्थापन उचित तवरले भएको अवस्थामा शैक्षिक उपलब्धिहरु राम्रो रहेको देखिन्छ । यस अनुसन्धान कार्यलाई सम्पन्न गर्ने क्रममा झापा जिल्ला पृथ्वीनगर गा.वि.स.मा सञ्चालित विद्यालयहरुको भौतिक अवस्था र तिनको व्यवस्थापनको आधारमा शैक्षिक उपलब्धिमा परेको प्रभाव तथा भौतिक व्यवस्थापनका समस्याहरुको समाधान गर्ने गरी यस शोधअध्ययनलाई पूरा गर्ने कोशिस गरिएको छ । विद्यार्थीहरुमा भौतिक वस्तुहरुको उचित व्यवस्थापनले के कस्तो मनोवैज्ञानिक प्रभाव परेको छ ?, विद्यार्थीहरुमा सिकाईप्रतिको धारणा के कस्तो छ ?, भौतिक व्यवस्थापनले विद्यार्थी सिकाई उपलब्धिमा के कस्तो प्रभाव परेको छ ?, भौतिक व्यवस्थापन र सिकाइ उपलब्धि वीचको सम्बन्ध कस्तो रहेको छ भन्ने कुराको अनुसन्धान गर्नु नै यस शोध अध्ययनको समस्याको रुपमा रहेको छ ।

**१.३. अध्ययनको औचित्य**

विद्यालयको सर्वाङ्गिण पक्षको विकासमा आधारभुत पक्षको रुपमा रहेको भौतिक व्यवस्थापनको आफ्नै महत्व रहेको छ। विद्यालयको स्थापना देखि नै भौतिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। भौतिक पक्षले खेलेको भूमिकाको आधारमा नै त्यस विद्यालयको शैक्षिक गतिविधि अगाडि बढेको हुन्छ। विद्यालयको भौतिक अवस्था र त्यसको समुचित गुणस्तरीय व्यवस्थापनले विद्यार्थीमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। विद्यालयको शैक्षिक वातावरण कायम गर्नमा महत्वपूर्ण रहेको भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाईमा कुनै न कुनै रुपबाट प्रभाव पारिरहेको हुन्छ। यस शोध अध्ययनले सामुदायिक विद्यालयहरुको भौतिक पक्षको अवस्था र तिनीहरुको व्यवस्थापनको अवस्थालाई अध्ययन गरेको छ भने भौतिक पक्षको व्यवस्थापनले विद्यार्थीको सिकाईमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट पारेको प्रभावलाई निष्कर्षमा पुऱ्याउन औचित्यपूर्ण बनेको छ। विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीको मानसिकतामा पारेको प्रभाव, अभिभावकमा पारेको प्रभाव, विद्यालयको पठन पाठन, अतिरिक्त क्रियाकलाप लगायत विविध क्षेत्रमा पारेको प्रभाव सम्बन्धि खोजी गर्नु यस शोध अध्ययनको प्रमुख महत्व रहेको छ। अध्ययनक्षेत्रका विद्यालयहरुमा भौतिक व्यवस्थापनका समस्याहरुबारे खोजी गर्दै समाधानका उपायहरुको परिचान गरी आवश्यक सुझाउन पनी यस शोध अध्ययनको उतिकै महत्व रहेको छ।

यसर्थ यस शोधअध्ययन पृथ्वीनगर गा.वि.स.मा सञ्चालित विद्यालयहरुको भौतिक व्यवस्थापन र सिकाइ उपलब्धि वीचको सम्बन्ध र महत्व, विद्यार्थीहरुको सिकाई उपलब्धिमा पुऱ्याएको सहयोग, लक्ष्योन्मुख सिकाई उपलब्धि, जस्ता पक्षहरुको खोजी गर्ने कार्यमा यस शोधअध्ययन महत्वपूर्ण रहेको छ। यसको साथसाथै अध्ययन क्षेत्रबाट प्राप्त निष्कर्षहरुको आधारमा भविष्यमा शिक्षासँग सम्बन्धित भएर गरिने कुनैपनि प्रकारको अनुसन्धान कार्यमा थोरै मात्रामा भएपनि यसले सहयोग पुऱ्याउने छ भने शीर्षक सँग सम्बन्धित भएर अध्ययन तथा प्रयोजनको रुपमा लैजान चाहने जो कोही पाठक, अध्ययनकर्ता तथा प्रयोगकर्तालाई आंशिक रुपमा भएपनि महत्व रहेको छ। साथै सम्बन्धित क्षेत्रको समस्या समाधानमा केही हद सम्म यसले सहयोग पुऱ्याउने देखिन्छ।

### १.४. अध्ययनको उद्देश्यहरु

यस शोधअध्ययन अनुसन्धान कार्यलाई पूरा गर्न निम्न अनुसारका उद्देश्यहरु राखिएको छ ।

1. विद्यालयको भौतिक व्यवस्थापनको अवस्था पत्ता लगाउन ।
2. भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पार्ने प्रभावको विश्लेषण गर्न ।
3. भौतिक व्यवस्थापनका समस्याहरुको पहिचान गरी सुझाउन ।

### १.५. अनुसन्धानात्मक प्रश्न

यस शोधअध्ययन अनुसन्धानमा निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएको छ ।

1. विद्यालयमा भवन तथा कक्षाकोठाको अवस्था के कस्तो रहेको छ ?
2. कक्षाकोठामा डेस्क बेञ्चको संख्या र रखाईको अवस्था कस्तो रहेको छ ?
3. विद्यालय खेल मैदान, शौचालय, खानेपानी, कार्यालय कक्ष, शैक्षिक सामग्री, जस्ता पक्षहरुको अवस्था के कस्तो रहेको छ ?
4. विद्यालयमा उपलब्ध भौतिक वस्तुहरुको व्यवस्थापनको अवस्था कस्तो रहेको छ ?
5. विद्यालयको वार्षिक शैक्षिक उपलब्धिको अवस्था कस्तो रहेको छ ?
6. भौतिक व्यवस्थापन र सिकाइ उपलब्धिवीचको अन्तरसम्बन्ध कस्तो रहेको छ ?
7. भौतिक व्यवस्थापनमा के कस्तो समस्याहरु रहेका छन् ?
8. भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुको निराकरण गर्ने उपाय के हुनसक्छ ?

### १.६. अध्ययनको परिसीमा

यस शोधअध्ययन अनुसन्धान कार्यलाई पूरा गर्ने क्रममा अध्ययनकर्तासँग उपलब्ध स्रोत र साधनहरुको आधारमा निम्न अनुसारको परिसीमा निर्धारण गरिएको छ ।

1. विद्यालयको भौतिक अवस्था र विद्यार्थीको सिकाइ उपलब्धि वीचको सम्बन्धमा केन्द्रित गरिएको छ ।
2. भौतिक व्यवस्थापन अन्तर्गत भौतिक पक्षहरु विद्यालय भवन, कक्षाकोठा, कार्यालय कक्ष, खेल मैदान, खानेपानी, शौचालय, शैक्षिक सामग्री, घेराबारा, जस्ता पक्षहरुको व्यवस्थापनलाई लिइएको छ ।
3. विद्यार्थीको सिकाइ उपलब्धि अन्तर्गत विद्यालय स्तरीय तथा स्रोतकेन्द्र स्तरीय वार्षिक परीक्षाको नतिजालाई लिइएको छ ।

4. विद्यालयको भौतिक पक्षको व्यवस्थापन सन्दर्भमा विद्यालयमा उपलब्ध भौतिक वस्तुहरुको समुचित व्यवस्थितीकरणलाई मुख्य केन्द्र मानिएको छ ।
5. विद्यालयको भौतिक व्यवस्थापनलाई चिश्चित मापदण्डमा राखी अध्ययनकर्ता स्वःयंको विशिष्ट अवलोकनमा आधारित गरिएको छ ।

# परिच्छेद दुई : साहित्यको पुनरावलोकन

## २.१. साहित्यको पुनरावलोकन

नेपालमा शिक्षाको गुणस्तर उकास्नको लागि विभिन्न समयमा विभिन्न प्रयासहरु भएको पाइन्छ । यसको लागि शैक्षिक क्षेत्रको सम्पूर्ण पक्षको उत्तिकै हेरचाह हुनु आवश्यक देखिन्छ । राष्ट्रको भोलिका दक्ष जनशक्ति भनेकै आजका विद्यार्थीहरु हुन् । विद्यालय तहमा नै गुणस्तरीय शिक्षा तथा व्यवहारिक ज्ञान हासिल गर्न सकेमा मात्र भोलिका कर्मठ कर्णदार भएर यो राष्ट्रको लागि शिर ठाडो पारेर उभिनेछन् । यसैले उनीहरुको लागि विषयगत ज्ञानको व्यवहारिक उपलब्धि हासिल गराउनु राष्ट्र, राष्ट्रसेवक र मार्गदर्शकहरुको अहम् भूमिका रहेको हुन्छ । शिक्षक वास्तवमा मानिसको निर्माता हो । राष्ट्रको निर्माता हो । उसको हातमा व्यक्तिको भविष्य र राष्ट्रको भविष्य अडेको हुन्छ । यसको लागि शिक्षक एक्लैले केहीपनि गर्न सक्दैन, उसको अगाडि विद्यालयको भौतिक स्रोत र साधन तथा त्यसको उचित व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ । कुनैपनि विद्यालयको भौतिक संरचना, भौतिक संरचनाको उचित व्यवस्था र उपयोगिताको आधारमा शिक्षणसिकाई क्रियाकलाप सञ्चालन भएमा मात्र सोचे अनुसारको सिकाई उपलब्धि हासिल हुन सक्दछ । प्रस्तुत शीर्षकमा हालसम्म विशिष्टिक्रित रुपमा पूर्ण अध्ययन गरिएको नपाइए तापनि यस अध्ययनसँग सम्बन्धित आंशिक अध्ययन, पाठ्यपुस्तक, पत्रपत्रिका, लेख तथा रचनाहरुलाई पुनरावलोकनको रुपमा अध्ययन गरिएको छ ।

अर्याल (२०६६) ले शिक्षक मासिक पत्रिकामा उल्लेख गरे अनुसार स्कुल राम्रो बनाउन प्रतिबद्ध हुने विद्यालय, प्र.अ. र शिक्षकहरुले सर्वप्रथम विद्यालयको भौतिक स्रोत र साधनको उचित व्यवस्थापन गर्नु आवश्यक हुन्छ । अबको विद्यालय व्यवस्थापनको विश्वव्यापी वहस केवल संरचनागत रुपमा विद्यालयको व्यवस्थापनबारे नभई विद्यालयको प्रशासनिक व्यवस्था भौतिक सम्पत्ति व्यवस्थापन देखि विद्यार्थीको सिकाई र शिक्षकहरुको कार्यदक्षताप्रति ध्यान दिन थालेको देखिन्छ । विद्यालय व्यवस्थापन संरचनाको दृष्टिमा भन्दा पनि विद्यालयभित्रको सुविधा व्यवस्थापनतर्फ बढी केन्द्रित हुँदै गएको देखिन्छ । समग्र विद्यालय व्यवस्थापनका लागि विद्यालय भित्रका सेवा सुविधाहरुको उचित व्यवस्थापन हुन सकेमा सिकाई उपलब्धि गुणस्तरीय बन्न सक्दछ । विद्यालय सुविधाको रुपमा नयाँ प्रविधिको संगसंगै भौतिक व्यवस्थापनलाई विशेष जोड दिएमा शिक्षणसिकाई क्रियाकलाप र उपलब्धि सकारात्मक दिशातर्फ अगाडी बढ्न सक्दछ ।

अधिकारी (२०६८) ले नेपालको शिक्षा प्रणालीनामक अनुसन्धानात्मक क्रितिमा उल्लेख गरे अनुसार एउटा घोडालाई डोऱ्याएर पानीसम्म पुऱ्याउन त सकिएला तर उसलाई बलजफ्ती पानी खुवाउन सकिदैन भनेझै सिक्नको लागि उचित रुपमा विद्यालय तथा कक्षाकोठाको भौतिक व्यवस्थापन नभएसम्म वालवालिकाहरुलाई सिकाईमा उत्प्रेरित गराउन सकिदैन । त्यसैले शिक्षणसिकाई क्रियाकलापको लागि मनोवैज्ञानिक रुपमा वालवालिकाहरु उत्साहित नभएसम्म सिकाई उपलब्धि राम्रो हुन सक्दैन । शिक्षणसिकाई प्रक्रियामा त्यसलाई ध्यान दिएर उपयुक्त मनोवैज्ञानिक वातावरण सृजना गर्न नसकिएमा शिक्षणसिकाई कार्य अर्थपूर्ण र प्रभावकारी नहुन सक्दछ । तसर्थ, शिक्षणसिकाई क्रियाकलापमा विद्यार्थीहरुलाई सिकाईप्रति मनोवैज्ञानिक ढंगबाट प्रेरित गर्नको लागि कक्षाकोठा देखि विद्यालय वातावरण अन्तर्गतसम्मको समग्र पक्षको भौतिक व्यवस्थापन हुनु जरुरी छ । भौतिक व्यवस्थापनले विद्यार्थीहरुमा सिकाईप्रतिको उत्तेजना जागृत गराउने पुनर्वलीय शक्तिको रुपमा भूमिका खेलेको हुन्छ ।

शर्मा (२०६७) ले शिक्षक मासिक पत्रिकामा उल्लेख गरे अनुसार विद्यालय व्यवस्थापन शिक्षक, अभिभावक सबैको संयुक्त प्रयासले तयार गरिएको विद्यालयको भौतिक व्यवस्थापन मात्र बाल सिकाईको लागि उपयुक्त वातावरण बन्न सक्छ । उपयुक्त शैक्षिक वातावरणमा संचालन गरिएको सिकाई क्रियाकलाप दीगो, प्रभावकारी र उपलब्धिमुलक हुने गर्दछ । जहाँ विद्यार्थी सिक्ने र सिकाउने वातावरणमा रमाएका हुन्छन् ।

शर्मा, चिरञ्जीवी एण्ड निर्मला (२०६५) ले पाठ्यक्रम योजना र अभ्यास पुस्तकमा उल्लेख गरे अनुसार शिक्षा प्रणालीले राखेका उद्देश्यहरु पूरा गर्न भौतिक रुपबाट आवश्यक हुने सबै सुविधाहरु नभइकन शिक्षक, विद्यार्थी लगायत मानवीय लगानीले मात्र कुनैपनि शैक्षिक क्रियाकलाप सफल हुन सक्दैन । त्यसैले शिक्षक र विद्यार्थीलाई उपयुक्त वैज्ञानिक र व्यवहारिक ज्ञान, सीप र अनुभव सिक्न सिकाउन भौतिक सुविधा र व्यवस्थापनको आवश्यकता पर्दछ । भौतिक सुविधा र व्यवस्थापनमा विद्यालय भवन मात्र नभईकन कक्षाकोठा, फर्निचर, शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला, खेल मैदान, शौचालय, स्वःास्थ्य उपचार कक्ष, चमेना गृह, यातायात आदि पर्दछ । यिनै कुराहरुको पर्याप्तता र उचित व्यवस्थापनले शिक्षक तथा विद्यार्थीहरुमा सिक्ने र सिकाउने वातावरण तयार भई सिकाई उपलब्धि राम्रो हुने गर्दछ । विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरुमा

मनोरञ्जन, उत्साह, जोशजाँगर, सिक्ने तत्परता, सृजनशिलताको वातावरण जस्ता कुराहरु पूरा गर्न सकेमा उद्देश्य अनुरुपको सिकाई उपलब्धि हासिल हुन सक्दछ ।

राजभण्डारी (२०६४) ले शोधपत्र (अप्रकाशित) मा उल्लेख गरे अनुसार कुनैपनि विद्यालयको सर्वाङ्गिण पक्षको सुधारको लागि त्यस विद्यालयको भौतिक पक्ष, शैक्षिक पक्ष तथा प्रशासनिक पक्ष स्वःस्थ ढंगबाट व्यवस्थित भएको हुनु पर्दछ । विद्यालयको भौतिक पक्षलाई सबल बनाउनको लागि विद्यालय नेतृत्वकर्ता प्र.अ. लगायत शिक्षक, अभिभावक तथा स्थानीय बुद्धिजीवी र समाजसेवीहरुको उत्तिकै महत्व रहेको हुन्छ । विद्यालयको शैक्षिक प्रगति र उन्नतिको लागि सरोकारवालाहरुले चासोको रुपमा लिन सकेमा सबैले सोचेजस्तो गुणस्तरीय दक्ष शैक्षिक जनशक्ति उत्पादनको स्रोतको रुपमा विद्यालय हुनसक्छ । त्यसैले विद्यालयको भौतिक पक्षको समुचित व्यवस्थापनको लागि सबैको सहयोग र जिम्मेवारीको आवश्यकता जरुर पर्दछ । यसो भएमा विद्यालयले पनि लक्षित सिकाई उपलब्धि हासिल गर्न सक्छ ।

शर्मा एण्ड शर्मा (२०६४) ले शिक्षाको परिचय नामक क्रितिमा उल्लेख गरे अनुसार शिक्षा प्रणालीले राखेका उद्देश्यहरु पुरा गर्न भौतिक रुपबाट आवश्यक हुने सम्पूर्ण सुविधाहरुलाई भौतिक सुविधा भनिन्छ । भौतिक सुविधा नभई शिक्षक, विद्यार्थी, अभिभावक जस्ता मानवीय लगानीले मात्र सिकाई क्रियाकलाप गर्न सकिदैन । त्यसैले शिक्षक र विद्यार्थीलाई उपयुक्त वैज्ञानिक र व्यवहारिक ज्ञान, सीप र अनुभव सिक्न सिकाउनकोलागि चाहिने सुविधाहरुलाई भौतिक सुविधा भनिन्छ । कुनैपनि विद्यालयको भौतिक सुविधा भित्र चाहिने कुराहरु यति नै हो भनेर किटान गर्न सकिदैन । यस्ता भौतिक सुविधाहरु समय अनुसार शैक्षिक क्रियाकलापको आधारमा फरक फरक हुँदै जाने हुन्छन् । सामान्यतया एउटा शिक्षण संस्था भित्र भौतिक सुविधाहरु अन्तर्गत विद्यालय भवन र कक्षाकोठा, फर्निचर, शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला, खेल मैदान, शौचालय, घेराबारा, स्वःास्थ्य उपचार कक्ष, छात्रावास, चमेना गृह, यातायात, विद्युत, खानेपानी आदि कुराहरु पर्दछन् । यीनै भौतिक सुविधाहरुको आधारमा नै शैक्षिक लगानीलाई सिकाई उपलब्धिसँग तुलना गरेर हेर्ने गरिएको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

### ३.१. अनुसन्धानात्मक ढाँचा

यस शोधअध्ययन कार्य परिमाणात्मक र गुणात्मक रुपमा मिश्रित खालको हुने भएकोले व्याख्यात्मक, तालिकीकरण तथा रेखाचित्रद्वारा व्याख्या विश्लेषण गरिएको छ ।

### ३.२. जनसंख्या

यस शोधअध्ययनमा झापा जिल्ला पृथ्वीनगर गा.वि.स.अन्तर्गत रहेका विद्यालयहरुमध्ये अध्ययन अनुसन्धानमा संलग्न गराइएका विद्यालय, विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समिति, छात्र/छात्रा, अभिभावक तथा स्रोतव्यक्ति, शिक्षा प्रेमीहरु जनसंख्याको रुपमा रहेका छन् ।

### ३.३. नमूना छनौटको प्रक्रिया र आकार

यस शोधअध्ययन क्षेत्रको अनुसन्धानमा आवश्यक पर्ने सूचनाहरु संकलनको क्रममा भौतिक व्यवस्थापन तथा सिकाइ उपलब्धि सम्बन्धी जानकार व्यक्तिहरुलाई लिइनुपर्ने भएकोले अध्ययनकर्ताको स्वेःच्छिक छनौटको आधारमा उद्देश्यमुलक नमूना छनौट विधिद्वारा निम्न अनुसारका व्यक्तिहरुलाई छनौट गरिएको छ ।

| **विद्यालय** | **प्र.अ.** | **शिक्षक** | **विद्यार्थी** | **अभिभावक** |
|---|---|---|---|---|
| सिंहदेवि प्रा.वि. | एक | दुई | दुई | दुई |
| दीपक प्रा.वि. | एक | दुई | दुई | दुई |
| सरस्वःती नि.मा.वि. | एक | दुई | दुई | दुई |
| चन्द्रभानुज्योति मा.वि. | एक | दुई | दुई | दुई |
| सगरमाथा मा.वि. | एक | दुई | दुई | दुई |
| जम्मा | पाँच | दश | दश | दश |
| स्रोत व्यक्ति | एक | | | |

**३.४. नमूना छनौटको आधार**

यस शोधअध्ययन कार्यलाई पूरा गर्ने क्रममा क्षेत्रगत रुपमा तथ्याङ्क उपलब्धताको आधार तथा अध्ययनकर्ताको उद्देश्य अनुरुप विश्वसनीयता र वैधता कायम हुन सक्ने आधारमा उद्देश्यमुलक नमूना छनौट विधिको प्रयोग गरिएको छ ।

**३.५. अध्ययनको साधन**

यस शोधअध्ययन कार्यलाई पुर्णता दिने क्रममा आवश्यक सूचनाहरु संकलनको लागि निम्न अनुसारका साधनहरुको प्रयोग गरिएको छ ।

**क) क्षेत्र अवलोकन**

यस शोधअध्ययन अनुसन्धानमा भौतिक व्यवस्थापन सम्बन्धी यथार्थ सूचनाहरु संकलन गर्नको लागि अनुसन्धानकर्ता स्वःयं सम्बन्धित विद्यालयमा गइ प्रत्यक्ष रुपमा क्षेत्र अवलोकन गरिएको छ ।

**ख) अन्तरवार्ता**

भौतिक व्यवस्थापन र सिकाइ उपलब्धि वीचको अन्तरसम्बन्ध, भौतिक व्यवस्थापनका लागि आवश्यक पुर्वाधारहरु तथा भौतिक व्यवस्थापनमा आएका कठिनाइहरु र भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुको निदानको लागि सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक तथा स्रोतव्यक्तिहरुसँग अनुसन्धानकर्ता स्वःयं उपस्थित भई अन्तरवार्ता लिइएको छ ।

**ग) समुह छलफल**

यस शोधअध्ययन अनुसन्धान कार्यको उद्देश्य अनुसारको सूचनाहरु संकलनको लागि अभिभावक, शिक्षक, शिक्षाप्रेमी, स्रोतव्यक्ति तथा शैक्षिक क्षेत्रमा संलग्न व्यक्तिहरुसँग रहेर सामुहिक छलफल गरिएको छ ।

**घ) प्रश्नोत्तर**

यस शोधअध्ययन कार्यलाई आवश्यक पर्ने सूचनाहरु संकलन गर्ने क्रममा शिक्षक तथा विद्यार्थीहरुसँग अनुसन्धानकर्ता स्वःयं उपस्थित भई भौतिक व्यवस्थापन र सिकाइ उपलब्धि सम्बन्धी प्रश्नोत्तर गरिएको छ ।

**३.६. साधनको वैधता**

यस शोधअध्ययन अनुसन्धानलाई विश्वसनियता र वैधता कायम गर्नको लागि निम्नानुसारका प्रक्रियाहरु अपनाइएको छ ।

सम्बन्धित विद्यालयको प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकहरुसँग अनुसन्धानकर्ता स्वःयं प्रत्यक्ष सम्पर्कमा रहेर सूचनाहरु संकलन गरिएको छ ।

आवश्यकताअनुसार नमूना परीक्षण, लाइब्रेरी अध्ययन तथा शिक्षक प्रश्नोत्तर, अभिभावक प्रश्नोत्तर लगायत आवश्यकता अनुसार स्रोतव्यक्तिसंग पनि सल्लाह गरिएको छ ।

विद्यालयको भौगोलिक पक्षहरु तथा भौतिक व्यवस्थापन सम्बन्धी अध्ययनकर्ता स्वःयं उपस्थित भई प्रत्यक्ष अवलोकनद्वारा गरिएको छ ।

विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी सम्बन्धित विद्यालयको वार्षिक परीक्षाको नतिजालाई लिइएको छ ।

**३.७. तथ्याङ्कको स्रोत :**

यस शोधअध्ययन अनुसन्धान कार्यलाई पूरा गर्ने क्रममा निम्न अनुसारका स्रोतहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

**क) प्राथमिक स्रोत :**

यस शोधअध्ययनमा संकलित प्राथमिक सूचनाहरु शोधकर्ता आफै अध्ययनक्षेत्रका विद्यालयहरुमा पुगी अवलोकन, अन्तरवार्ता, समूहछलफल तथा प्रश्नोत्तर मार्फत सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई प्रत्यक्ष भेटी संकलन गरिएका सूचनाहरु समावेश गरिएको छ ।

**ख) द्वितीय स्रोत :**

यस शोधअध्ययन कार्यलाई पूरा गर्ने क्रममा आवश्यक तथ्याङ्कको लागि विद्यालयको अभिलेख, पुस्तकालय, तथा विभिन्न लेख रचना, पत्रपत्रिका, अप्रकाशित शोधपत्रहरु आदिबाट सूचनाहरु संकलन गरिएको छ ।

### ३.८. तथ्याङ्क संकलन प्रक्रिया

यस शोधअध्ययन कार्यलाई पूरा गर्ने क्रममा तथ्याङ्क संकलन प्रक्रियाको रुपमा प्राथमिक स्रोतका तथ्याङ्कहरु अन्तर्गत अवलोकन, अन्तरवार्ता, प्रश्नोत्तर तथा छलफलका लागि अध्ययनकर्ता स्वःयं अध्ययन क्षेत्रमा पुगी सूचनाहरु संकलन गरिएको छ भने द्वितीय स्रोतका तथ्याङ्कहरुको लागि सम्बन्धित विद्यालयहरुको शैक्षिक अभिलेख, पत्रपत्रिका, लेख तथा शोधअध्ययन आदिबाट सूचनाहरु संकलन गरिएको छ ।

### ३.९. तथ्याङ्क विश्लेषणको प्रक्रिया

यस शोधअध्ययनमा संकलित सूचनाहरुलाई आवश्यकता अनुसार तथ्याङ्कीय रुपबाट तालिकीकरण, ग्राफ चित्र आदिमा देखाई गुणात्मक तथा संख्यात्मक रुपबाट व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

झापा जिल्लाको पृथ्वीनगर गा.वि.स.मा सीमित गरिएको यस शोधअध्ययनमा विद्यालयको भौतिक व्यवस्थापनले समग्र शैक्षिक क्रियाकलाप लगायत विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभावसम्बन्धी संकलित सूचनाहरुलाई क्रमबद्ध रुपमा राखी व्याख्या र विश्लेषण गरिएको छ । सिकाई उपलब्धि मापनको केन्द्रविन्दुमा रहेका विद्यार्थीहरुको रुची, क्षमता, उमेर, मनोविज्ञान आदिलाई ख्यालगरी गरिएको भौतिक व्यवस्थापन नै शिक्षणसिकाई क्रियाकलापको निमित्त उपयुक्त शैक्षिक वातावरण हुन्छ भने उपयुक्त शैक्षिक वातावरणमा संचालन गरिएको सिकाई क्रियाकलापबाट लक्ष्योन्मूख र सकारात्मक सिकाई उपलब्धि हासिल हुन सक्दछ । यसको लागि विद्यालयका भौतिक वस्तुहरु, संरचना तथा व्यवस्थापकीय पक्षहरु मूख्य हुन आउँछन् भौतिक व्यवस्थापन कार्यलाई अगाडि बढाउनको लागि विद्यालयको भौतिक संरचना र भौतिक सामग्रीले मुख्य भूमिका खेलेको हुन्छ । व्यवस्थापन पुर्वाधारको आधार नै भौतिक वस्तुहरु रहेका हुन्छन् । यसै सन्दर्भमा यस शोधअध्ययनमा सर्वप्रथम भौतिक व्यवस्थापनलाई अध्ययन गरिएको छ ।

## ४.१. भौतिक व्यवस्थापनको अवस्था

शैक्षिक गुणस्तर अभिवृद्धिको सन्दर्भमा जहिलेपनि विद्यार्थीलाई केन्द्रविन्दुमा राखेर हेर्नु आवश्यक छ । विद्यार्थीहरुलाई सिकाईको केन्द्रविन्दुमा राखेर शैक्षिक उपलब्धि राम्रो र गुणस्तरीय बनाउनको लागि विद्यालयको भौतिक व्यवस्थापन मुख्य आधारशिला हुनआउँछ । विद्यालय व्यवस्थापन अन्तर्गत शिक्षणसिकाईमा कक्षाकोठा व्यवस्थापन, मनोवैज्ञानिक वातावरणको व्यवस्थापन, प्रशासनीक व्यवस्थापन लगायत समग्र शैक्षिक क्रियाकलापको व्यवस्थापन आवश्यक पर्दछ । शैक्षिक व्यवस्थापनको व्यापक क्षेत्रहरुलाई अगाडि बढाउनको लागि विद्यालयको भौतिक व्यवस्थापन अझ बढी प्राथमिकतामा रहेको हुन्छ ।

विद्यालयलाई भौतिक सुविधाको आधारमा वर्गिकरण गर्ने क्रममा शिक्षा नियमावली (छैठौं संशोधन, २०६७/१०/९ सहित) २०५९ अनुसार ‘क’, ‘ख’, ‘ग’ र ‘घ’ गरि वर्गिकरण गरिएको छ । जस अनुसार-

१. 'क' श्रेणीको विद्यालयकोलागि चाहिने आधारहरु (अपेक्षित सुविधायुक्त विद्यालय अर्थात् 'ख' श्रेणीका विद्यालयको पुर्वाधारमा थप हुनुपर्ने)

क) सभाकक्ष,

ख) सेवाकक्ष (फोन, फ्याक्स, ईमेल आदि),

ग) अतिरिक्त क्रियाकलाप कक्ष,

घ) क्याफ्टेरिया,

ङ) एक पटकमा कम्तिमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था र

च) अनुसूची २२ को खण्ड (ख) को देहाय (च) बमोजिमको विशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनुपर्ने ।

२. 'ख' श्रेणीको विद्यालयकोलागि चाहिने आधारहरु (आधारभुत सुविधायुक्त विद्यालय अर्थात् 'ग' श्रेणीका विद्यालयको पुर्वाधारमा थप हुनुपर्ने)

क) प्रधानाध्यापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था,

ख) शिक्षक, स्टाफको लागि छुट्टै शौचालयको व्यवस्था,

ग) कुनै दुई प्रकारका दैनिक पत्रिकाहरु सहितको एक पटकमा कम्तीमा ३० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

घ) भलिबल खेल्न मिल्ने खेल मैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकैसाथ उभिनसक्ने कम्पाउण्डको व्यवस्था,

ङ) छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था,

च) विद्यालयमा कम्प्यूटर विषय राखेको भए छुट्टै कम्प्यूटर कक्षको व्यवस्था,

छ) प्राथमिक उपचार कक्षको व्यवस्था र

ज) अनुसुची २२ को खण्ड (ख) को देहाय (च) बमोजिमको अपेक्षित सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनुपर्ने ।

३. 'ग' श्रेणीको विद्यालय (अर्थात आधारभुत सुविधायुक्त विद्यालय) को लागि चाहिने पुर्वाधारहरु

क) कक्षाकोठाहरु पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर, निम्नमाध्यमिक र माध्यमिक तहको हकमा १.०० वर्ग मिटर,

ख) हावाको राम्रो प्रवाह र यथेस्ट प्रकाश भएका कक्षाकोठाहरु,

ग) विद्यार्थी संख्याको आधारमा सबैलाई पुग्ने डेस्क बेन्च,

घ) छात्रछात्रा र शिक्षकको लागि कम्तिमा ३ वटा छुट्टाछुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि १ कम्पार्टमेन्ट थप,

ङ) यथेष्ट खानेपानीको व्यवस्था,

च) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका सहितको एक विद्यार्थी बराबर कम्तिमा २ पुस्तक भएको पुस्तकालय,

छ) प्रति कक्षामा कालोपाटी र अन्य आवश्यक शैक्षिक सामग्री,

ज) सबै विद्यार्थी एकै पटक उभिन सक्ने आंगन,

झ) भलिबल खेल्न मिल्ने खेल मैदान,

ञ) कक्षा शिक्षक अनुपात १:१:४,

ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था,

ठ) प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने र

ड) अनुसूची २२ को खण्ड (ख) को देहाय (३) अनुसारको छात्रवृत्ति र सोही अनुसूचीको सोही खण्डको देहाय (७) अनुसारको शिक्षक तथा कर्मचारी संख्या ।

४. 'घ' श्रेणीको विद्यालय (अर्थात् न्यून सुविधाका विद्यालय)

आधारभुत सुविधा पुरा नभएका विद्यालयहरु ।

माथि उल्लेखित विद्यालय वर्गीकरणको आधारमा यस शोधअध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरु कुनैपनि 'क' श्रेणीमा परेका छैनन् । श्रेणी 'ख', 'ग' र 'घ' मा पर्ने विद्यालयहरुलाई क्रमशः पर्याप्त, अपर्याप्त र न्यून भौतिक अवस्था र व्यवस्थापन मानेर वर्गीकरण गरि व्याख्या विश्लेषण गरिएको छ ।

विद्यालयमा आवश्यक मात्रामा भौतिक सामग्री भएर पनि उचित व्यवस्थापन नभए सम्म त्यसको प्रभावकारीता बढ्न सक्दैन । विद्यालयमा उपलब्ध भौतिक स्रोत र साधनको समुचित ढंगबाट प्रयोग हुन सकेमा व्यवस्थापन पक्षको सबलता झल्कीन सक्दछ । यस शोधअध्ययन क्षेत्रमा रहेका विभिन्न विद्यालयहरुमा भौतिक सामग्रीको अवस्थालाई हेर्दा विविधतापूर्ण रहेको पाइन्छ । त्यसैगरी भौतिक सामग्रीहरुको आधारमा व्यवस्थापन पक्ष

पनि सबल र दुर्वल दुवै रुपमा रहेको पाइन्छ । यस शोधअध्ययनमा संलग्न गराइएका विद्यालयहरुको भौतिक व्यवस्थापनलाई भौतिक विवरणको आधारमा सिमाङ्कन गरी वर्गीकरण गरिएको छ । विद्यालयको भौतिक विवरण तालिका (अनुसुची च अनुसार) को आधारमा निम्न अनुसार वर्गिकरण गरिएको छ ।

*तालिका ४.१ भौतिक व्यवस्थापनको अवस्था*

| क्र. सं. | विद्यालयको नाम | व्यवस्थापनको अवस्था | कैफियत |
|---|---|---|---|
| 1. | सिंहदेवी प्रा.वि. | कमजोर | न्यूनतम मापदण्ड पुरा नभएको |
| 2. | दीपक प्रा.वि. | कमजोर | न्यूनतम मापदण्ड पुरा नभएको |
| 3. | सरस्वःती नि.मा.वि. | सामान्य | सामान्य मापदण्ड पुरा भएको |
| 4. | चन्द्रभानुज्योति मा.वि. | सामान्य | सामान्य मापदण्ड पुरा भएको |
| 5. | सगरमाथा मा.वि. | ठीकै (आवश्यकताअनुसार) | आवश्यकता अनुसार रहेको |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

माथि उल्लेखित तालिका अनुसार यस शोधअध्ययनमा संलग्न गराइएका विद्यालयहरुको भौतिक व्यवस्थापनको अवस्थालाई वर्गीकरण गर्दा सिंहदेवि प्रा.वि. र दीपक प्रा.वि.को भौतिक व्यवस्थापन कमजोर रहेको छ, जहाँ विद्यालयमा भौतिक वस्तु तथा सामग्रीहरुको अभाव तथा उपलब्ध सामग्रीहरुको सहि व्यवस्थापन राम्रोसँग भएको पाइदैन । सरस्वःती नि.मा.वि. र चन्द्रभानुज्योति मा.वि.को भौतिक व्यवस्थापन सामान्य रुपको रहेको छ, जहाँ थोरै मात्रामा भौतिक व्यवस्थापनका पक्षहरु हुनुको साथै सामान्य रुपमा व्यवस्थापनलाई ध्यान दिइएको पाइन्छ । त्यसैगरि अध्ययन क्षेत्रमध्येको भौतिक व्यवस्थापन ठीकै रहेको विद्यालय सगरमाथा मा.वि. देखिन्छ ।

विद्यालयको भौतिक व्यवस्थापनलाई मापन गर्ने आधारहरु समयानुसार विभिन्न स्वःरुपमा हुने गर्दछ । सोही आधारमा यस अध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरुको भौतिक व्यवस्थापन सम्बन्धी यथेस्ट सूचनाहरुलाई संकलन गरी विविध शीर्षकहरुमा राखी व्याख्या विश्लेषण गरिएको छ । जसले विद्यालयको भौतिक व्यवस्थापनको अवस्थालाई प्रष्ट पार्दछ ।

### ४.१.१. **भौतिक विवरणको अवस्था**

यस शोधअध्ययन क्षेत्रमा संलग्न गराइएका सिंहदेवी प्रा.वि., दीपक प्रा.वि., सरस्वःती नि.मा.वि., चन्द्रभानुज्योति मा.वि. र सगरमाथा मा.वि.हरुमा हाल रहेको भौतिक विवरण ( अनुसूची च अनुसार) को अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका ४.१.१ भौतिक विवरणको अवस्था*

| क्र. सं. | विद्यालयको नाम | भौतिक विवरण अवस्था | कैफियत |
|---|---|---|---|
| 6. | सिंहदेवी प्रा.वि. | न्यून | अपुग तथा जीर्ण सामग्री |
| 7. | दीपक प्रा.वि. | न्यून | अपुग तथा जीर्ण सामग्री |
| 8. | सरस्वःती नि.मा.वि. | अपर्याप्त | अपुग सामग्री |
| 9. | चन्द्रभानुज्योति मा.वि. | अपर्याप्त | अपुग सामग्री |
| 10. | सगरमाथा मा.वि. | पर्याप्त | आवश्यकमात्रामा |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

माथिको तालिका अनुसार विद्यालयको भौतिक विवरणलाई विभिन्न शीर्षकहरुमा राखी (अनुसूची च अनुसार) हेर्दा केही विद्यालयहरुमा आवश्यक मात्रामा पनि भौतिक सामग्रीहरु नरहेको देखिन्छ भने केही विद्यालयहरुमा भौतिक सामग्री आवश्यक मात्रामा रहेको छ । भौतिक सामग्रीहरुको विवरण अनुसार दीपक प्रा.वि.र सिंहदेवि प्रा.विमा अति आवश्यक रुपमा रहेका कार्यालय कक्ष, शिक्षक कक्ष, पुस्तकालय कक्ष, खेलकुद सामग्री जस्ता वस्तुहरु समेत नभएको पाइन्छ भने सरस्वःती नि.मा.वि. र चन्द्रभानुज्योति मा.वि.मा तुलनात्मक रुपमा केही बढी मात्रामा भौतिक सामग्री रहेको पाइन्छ । अध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरुमध्ये आवश्यकता अनुसारका भौतिक सामग्रीहरु पर्याप्त रुपमा सगरमाथा मा.वि. रहेको छ । यसरी हेर्दा यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा भौतिक सामग्रीहरुको विवरणात्मक स्वःरुपलाई पर्याप्त (आवश्यक मात्रामा), अपर्याप्त र न्यून रुपमा रहेको भनी वर्गीकरण गरिएको छ ।

### ४.१.२. **कक्षाकोठाको अवस्था**

विद्यालयको शैक्षिक क्रियाकलाप संचालन गर्ने कक्ष भनेको नै कक्षाकोठा हो । जहाँ विद्यालयको अधिकतम समय विद्यार्थीहरुले विताउने गर्दछन् । कक्षाकोठाको बनावट, आकार,

झ्याल, ढोका, साइज आदिले विद्यार्थीहरुको सिक्ने मानसिकतामा प्रभाव पारेको हुन्छ । यस शोध अध्ययनमा समावेश गराइएका विद्यालयहरुको कक्षाकोठाको स्वःरुपलाई हेर्दा विद्यार्थीहरुको संख्याको आधारमा (शिक्षा नियमावली २०५९ अनुसार मा.वि.मा १.०० वर्ग मि. र प्रा.वि.मा ०.७५ वर्ग मि. प्रति विद्यार्थी) एकै रुपको रहेको पाइदैन यसको साथसाथै भवनको स्वःरुप, कक्षाकोठाको बनावट, हावादार झ्यालढोका, भुई प्लास्टर, छानो, कालोपाटी, आदि आधारमा हेर्दा समान खालको रहेको छैन । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका ४.१.२ कक्षाकोठाको अवस्था*

| क्र.सं. | विद्यालयको नाम | कक्षाकोठा संख्या | कक्षाकोठाको अवस्था | कैफियत |
|---|---|---|---|---|
| 1. | सिंहदेवी प्रा.वि. | ६ | कमजोर र अपुग | जीर्ण र विद्यार्थी बसाई खचाखच |
| 2. | दीपक प्रा.वि. | ७ | कमजोर र अपुग | जीर्ण र विद्यार्थी बसाई खचाखच |
| 3. | सरस्वःती नि.मा.वि. | १० | ठीकठीकै र ठिक्क पुग्ने | विद्यार्थी बस्न पुग्ने |
| 4. | चन्द्रभानुज्योति मा.वि. | १३ | सामान्य | विद्यार्थी बस्न पुग्ने |
| 5. | सगरमाथा मा.वि. | १४ | राम्रै | विद्यार्थी सहज रुपमा बस्न सक्ने |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

यस अध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरुको कक्षाकोठाको अवस्थालाई कक्षाकोठाको संख्या र शारीरिक स्वःरुपको आधारमा वर्गीकरण गरेर हेर्दा सिंहदेवी प्रा.वि. र दिपक प्रा.वि.मा विद्यार्थीहरुको आधारमा झण्डै अपुग कक्षाकोठा रहेको छ भने कक्षाकोठाको अवस्था कमजोर रहेको छ । त्यसैगरी सरस्वःती नि.मा.वि. मा विद्यार्थीहरुको संख्याको आधारमा ठिक्क मात्रामा कक्षाकोठाहरु रहेका छन् भने चन्द्रभानुज्योति मा.वि. र सगरमाथा मा.वि.मा आवश्यक मात्रामा कक्षाकोठाहरु रहेका र तिनिहरुको अवस्था पनि राम्रै रहेको छ ।

### ४.१.३. **कार्यालय कक्षको अवस्था**

विद्यालयको सम्पूर्ण शैक्षणिक क्रियाकलाप व्यवस्थापन गर्नको लागि आवश्यक कार्यक्रम निर्माण कक्षको रुपमा कार्यालय कक्ष रहेको हुन्छ । कार्यालय कक्षमा नै विद्यालयको सम्पूर्ण कार्यक्रम, सामग्री, विद्यार्थी शैक्षिक अभिलेख, लगायत महत्वपूर्ण भौतिक सामग्रीहरुको संरक्षण तथा प्रदर्शनिको लागि प्रयोग गरिएको हुन्छ । कार्यालय कक्षको अवस्थाले शिक्षक

तथा विद्यार्थीको अनुशासन लगायत विविध मनोवैज्ञानिक धारणामा समेत प्रभाव पारेको हुन्छ । यस शोधअध्ययनमा संलग्न गराइएका विद्यालयहरुको कार्यालय कक्षलाई बनावटको आकार, स्वःरुप, भ्याल, ढोका, त्यहाँ राखिएका दराज, टेवल, कुर्सि लगायतका फर्निचर, सजावट आदिको आधारमा निम्न अनुसार वर्गीकरण गरि उल्लेख गरिएको छ ।

*तालिका ४.१.३ कार्यालय कक्षको अवस्था*

| क्र. सं. | विद्यालयको नाम | कार्यालय कक्षको अवस्था | कैफियत |
|---|---|---|---|
| 1. | सिंहदेवी प्रा.वि. | कमजोर | अव्यवस्थित, अपर्याप्त सामग्री |
| 2. | दीपक प्रा.वि. | कमजोर | अव्यवस्थित, अपर्याप्त सामग्री |
| 3. | सरस्वःती नि.मा.वि. | सामान्य | अपर्याप्त सामग्री, व्यवस्थित |
| 4. | चन्द्रभानुज्योति मा.वि. | सामान्य | अपर्याप्त सामग्री, व्यवस्थित |
| 5. | सगरमाथा मा.वि. | राम्रो | आवश्यकता अनुसार र व्यवस्थित |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

माथिको तालिकालाई हेर्दा यस अध्ययनक्षेत्रमा संलग्न गराइएका विद्यालयहरुको कार्यालय कक्षको अवस्था त्यति राम्रो रहेको पाइदैन । प्रा.वि. हरुको कार्यालय कक्षको अवस्था अत्यन्तै कमजोर, थोरै सामग्री र अव्यवस्थित स्वःरुपको रहेको छ जहाँ विद्यालयमा अत्यावश्यक भौतिक सामग्रीहरु दराज, टेबल, कुर्सी, बेन्च जस्ता वस्तुहरु अपुग तथा भएका पनि अव्यवस्थित रुपमा राखिएको छ भने नि.मा.वि. तथा मा.वि.हरुमा कार्यालय कक्षको अवस्था सामान्य रहेको छ, जहाँ कार्यालय कक्षलाई आवश्यक पर्ने भौतिक पुर्वाधारका वस्तुहरु थोरै मात्रामा भएपनि रहेका र भएका सामग्रीहरुको व्यवस्थितिकरण भएको छ । त्यसैगरी अध्ययन क्षेत्रकै कार्यालय कक्ष अवस्थाको आधारमा उत्क्रिष्ठ विद्यालय सगरमाथा मा.वि. रहेको छ, जहाँ कार्यालय कक्षलाईक आवश्यक पर्ने भौतिक सामग्रीहरु आवश्यकता अनुसार रहेको र उपलब्ध सामग्रीहरुको समुचित ढंगबाट व्यवस्थित गरिएको छ ।

### ४.१.४. **खेल मैदानको अवस्था**

विद्यार्थीहरुमा कक्षाकोठा भित्रको शैक्षणिक क्रियाकलापको अलावा शारीरिक, बौद्धिक तथा खेल सीपको विकासको लागि खेल र खेल मैदानको आवश्यकता पर्दछ । विद्यालयमा रहेको खेल मैदानको अवस्थाले विद्यार्थीहरुमा खेलकुद सम्बन्धी प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विद्यालयमा रहेको खेल मैदानको आकार, घाँसे मैदान, समतल मैदान, घेराबारा, किनारामा

वृक्ष रोपण जस्ता कुराहरुले विद्यार्थीहरुको खेल विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुको खेल मैदानलाई हेर्दा सबैमा एकै प्रकारको रहेको पाइदैन उक्त विद्यालयहरुको खेल मैदानको स्वःरुपलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका ४.१.४ खेल मैदानको अवस्था*

| क्र.सं. | विद्यालयको नाम | खेल मैदानको अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल | घाँसे मैदान | सतह | वृक्षारोपण | घेराबारा |
| 1. | सिंहदेवी प्रा.वि. | 1000 j=ld= | छैन | डाँडो खाल्डो | छैन | छैन |
| 2. | दीपक प्रा.वि. | 1100 j=ld | छैन | भिरालो | छैन | छैन |
| 3. | सरस्वःती नि.मा.वि. | 1300 j=ld | केहि भागमा | समतल | थोरै | आंशिक |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 1425 j=ld | बढी भागमा | समतल | थोरै | छैन |
| 5. | सगरमाथा मा.वि. | 1475 j=ld | छ | समतल | थोरै | अर्ध भाग |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

माथि उल्लेखित तालिकाको आधारमा यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुको खेल मैदानको अवस्था सबैतिर एकैनासको देखिएको छैन । प्रा.वि. हरुमा खेल मैदानको समस्या रहेको देखिन्छ भने नि.मा.वि. र मा.वि. हरुमा तुलनात्मक रुपमा खेल मैदानको अवस्था राम्रो रहेको देखिन्छ ।

### ४.१.५. **शैक्षिक सामग्रीको अवस्था**

शिक्षण सिकाई क्रियाकलाप शिक्षक र विद्यार्थी मात्रले त्यति प्रभावकारी हुँदैन जति संवाहक साधन शैक्षिक सामग्रीको प्रयोग गर्न सकिदैन त्यसैले सिकाई क्रियाकलापलाई जीवन्त र मूर्त बनाउनको लागि शैक्षिक सामग्रीको महत्वपूर्ण आवश्यकता रहेको हुन्छ । विषयगत रुपमा शैक्षिक सामग्री जति पर्याप्त हुन सक्यो, प्रयोग हुन सक्यो, उत्तीनै सिकाईप्रति विद्यार्थीको झुकाव बढ्न गई सिकाई दीर्घकालिन र व्यवहारिक हुन पुग्दछ । यस अध्ययन क्षेत्रमा

संलग्न गराईएका विद्यालयहरुको शैक्षिक सामग्रीको अवस्थालाई विषयगत रुपमा हेर्दा सबै विद्यालयहरुमा शैक्षिक सामग्रीको मात्रा समान खालको देखिदैन यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा मुख्य विषयहरुमा आवश्यक पर्ने शैक्षिक सामग्रीहरु जस्तै फ्लाटिन वोर्ड, नक्सा, चित्र, तस्वीर, ग्लोव, चार्ट, ग्रांफ, ज्यामिति बाकस आदि लगायतका शैक्षिक सामग्रीहरुको विवरणात्मक अवस्थालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

*तालिका ४.१.५ शैक्षिक सामग्रीको अवस्था*

| क.सं. | विद्यालयको नाम | विषयगत शैक्षिक सामग्रीको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गणित | विज्ञान | सामाजिक | जनसंख्या | पू.व्य. | अन्य |
| 1. | सिंहदेवी प्रा.वि. | clt yf]{} | छैन | clt yf]{} | छैन | छैन | अलिअलि |
| 2. | दीपक प्रा.वि. | yf]{} | अति थोरै | yf]{} | अति थोरै | अति थोरै | थोरै |
| 3. | सरस्वःती नि.मा.वि. | clncln | अलिअलि | clncln | अलिअलि | अलिअलि | मध्यम |
| 4. | चन्द्रभानुज्योति मा.वि. | cfjZos | सामान्य | cfjZos | सामान्य | सामान्य | मध्यम |
| 5. | सगरमाथा मा.वि. | cfjZos | पर्याप्त | cfjZos | पर्याप्त | पर्याप्त | पर्याप्त |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा मुख्य विषयहरुको शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्रीहरु सम्बन्धि अध्ययन गर्दा सबै विद्यालयहरुमा शैक्षिक सामग्रीको अवस्था प्राय कमजोर नै रहेको देख्न सकिन्छ । अध्ययन क्षेत्रमा रहेका विद्यालयहरु मध्ये चन्द्रभानुज्याति र सगरमाथा मा.वि.हरुमा शैक्षिक सामग्रीको परिमाणात्मक अवस्था राम्रै रहेको छ ।

### ४.१.६. **पिउने पानीको अवस्था**

मानिसको जीवन यापनको अभिन्न महत्वपूर्ण तत्वको रुपमा पानी रहेको छ । विद्यालयमा लगभग सात घण्टा विताउने विद्यार्थीको लागि पिउने पानीको राम्रो प्रबन्ध हुनु अति आवश्यक छ । पिउने पानीको राम्रो व्यवस्था भएमा विद्यार्थीको स्वःास्थ्य लगायत मानसिक तथा बौद्धिक रुपमा पनि सकारात्मक प्रभाव पार्न सक्दछ । यसको साथसाथै पानी पिउनकै

कारणले विद्यार्थीले कक्षा छोड्ने वातावरण सृजना हुन सक्दैन । यसर्थ हरेक विद्यालयमा पिउने पानीको व्यवस्था हुनु जरुरी छ । यसको लागि विद्यालयमा आवश्यक मात्रामा ट्युवेल, धारा, तथा पानी ट्याङ्कीको उचित व्यवस्था हुनु जरुरी छ । यस शोधअध्ययनमा संलग्न गराईएका विद्यालयहरुको पिउनेपानीको अवस्था र पानीको स्रोतलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

*तालिका ४.१.६ पिउने पानीको अवस्था*

| क्र.सं. | विद्यालयको नाम | पिउने पानीको स्रोत विवरण (संख्यामा) | | अवस्था |
|---|---|---|---|---|
| | | धारा | ट्युवेल | |
| 1. | सिंहदेवी प्रा.वि. | - | 1 | अपुग भइरहेको |
| 2. | दीपक प्रा.वि. | - | 2 | अपर्याप्त रहेको |
| 3. | सरस्वःती नि.मा.वि. | - | 3 | आवश्यकता अनुसार |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 1 | 3 | पर्याप्त |
| 5. | सगरमाथा मा.वि. | 2 | 2 | पर्याप्त |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

माथिको तालिका अनुसार यस क्षेत्रमा रहेका विद्यालयहरुमा खानेपानीको अवस्थालाई हेर्दा सबै विद्यालयहरुमा समान किसिमको सुविधा रहेको पाइदैन । प्रा.वि. विद्यालयहरुमा पिउने पानीको अवस्था विद्यार्थीहरुको आधारमा अपुग भईरहेको छ भने मा.वि. विद्यालयहरुमा पिउने पानीको व्यवस्था राम्रो रहेको पाइन्छ ।

### ४.१.७. **शौचालयको अवस्था**

विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुको लागि भरसक छुट्टाछुट्टै शौचालयको व्यवस्था हुनु जरुरी हुन्छ । अझ छात्र / छात्रा तथा शिक्षक / शिक्षिका शौचालय भएमा सुविधायुक्त हुन जान्छ । कतिपय विद्यालयमा शौचालयको संख्याको अभाव र उचित प्रकारको शौचालय नहुनाले विद्यार्थीहरु वीचैमा कक्षा छोडेर घर जानुपर्ने बाध्यता पनि हुन्छ । यसर्थ विद्यालयमा शौचालयको राम्रो व्यवस्था हुनु अनिवार्य हुन आउँछ । यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुको शौचालयको विवरणात्मक अवस्था र सरसफाईको अवस्थालाई वर्गीक्रित रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका ४.१.७ शौचालयको अवस्था*

| क्र.सं. | विद्यालयको नाम | शौचालयको विवरण (संख्यामा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शिक्षक | शिक्षिका | संयुक्त | छात्र | छत्रा | संयुक्त | सरसफाईको अवस्था |
| 1. | सिंहदेवी प्रा.वि. | - | - | 1 | - | - | 1 | फोहोर |
| 2. | दीपक प्रा.वि. | - | - | 1 | - | - | 1 | थोरै सफाई |
| 3. | सरस्वःती नि.मा.वि. | 1 | 1 | - | 1 | 1 | - | ठीकै |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 1 | 1 | - | 2 | 2 | - | ठीकै |
| 5. | सगरमाथा मा.वि. | 1 | 1 | - | 2 | 2 | - | राम्रो |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

यस अध्ययन क्षेत्रमा समावेश गराईएका विद्यालयहरुको शौचालयको अवस्थालाई माथिको तालिकाद्वारा हेर्दा प्रा.वि. विद्यालयहरुमा शौचालय संख्या र त्यसको सरसफाई दुवै कमजोर रहेको देखिन्छ भने नि.मा.वि. र मा.वि. हरुमा सरसफाईको अवस्था ठिकै, राम्रै हुनुको साथसाथै शौचालय संख्या, शिक्षक विद्यार्थीको अनुपातमा आवश्यकता अनुसार रहेको छ ।

### ४.१.८. फर्निचरको अवस्था

विद्यालयको शिक्षण सिकाई क्रियाकलाप संचालनको लागि भवन, कक्षाकोठा र फर्निचर महत्वपूर्ण भौतिक सामग्रीको प्राथमिकताको रुपमा रहेको हुन्छ । कक्षा शिक्षणको क्रममा विद्यार्थीहरुलाई बस्न र अध्ययन गर्नको लागि डेस्क बेञ्च जस्ता फर्निचरको आवश्यकता पर्दछ भने कार्यालय प्रयोजनको लागि दराज, टेबल, कुर्सी, वेञ्च, जस्ता फर्निचरहरुको पनि उत्तीकै जरुरत पर्दछ । विद्यालयमा रहेका भौतिक सामग्री अन्तर्गतको फर्निचरले विद्यालयको भौतिक शोभा बढाउनुको साथसाथै समग्र शैक्षिक गतिविधिमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस शोध अध्ययन क्षेत्रमा समावेश गराईएका विद्यालयहरुको भौतिक सामग्री अन्तर्गत फर्निचरको विवरण तथा अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.१.८ फर्निचरको अवस्था*

| क.सं. | विद्यालयको नाम | फर्निचरको विवरण (संख्यामा) | | | | अवस्था |
|---|---|---|---|---|---|---|
| | | दराज | टेबल | कुर्सी | डेस्क बेञ्च (जोडामा) | |
| 1. | सिंहदेवी प्रा.वि. | 1 | 2 | 5 | 29 | w]}dd{ ug{g] ckU |
| 2. | दीपक प्रा.वि. | 1 | 3 | 5 | 37 | ; fdfGo, ckU |
| 3. | सरस्वःती नि.मा.वि. | 2 | 3 | 7 | 63 | ; fdfGo, kUg] |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 2 | 4 | 11 | 116 | <fdf] kof{t |
| 5. | सगरमाथा मा.वि. | 3 | 5 | 13 | 112 | <fdf] kof{t |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरुको फर्निचरको अवस्थालाई हेर्दा सिंहदेवि प्रा.वि. निकै दयनीय रहेको छ भने सबैभन्दा राम्रो अवस्थामा सगरमाथा मा.वि. रहेको छ । अन्य दिपक प्रा.वि., सरस्वःती नि.मा.वि., लगायत चन्द्रभानु मा.वि.को अवस्था सामान्य तथा राम्रो रहेको छ ।

## ४.२. भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभाव

शिक्षणसिकाई क्रियाकलाप आफैमा पूर्ण र परिपक्व प्रक्रिया होइन । शिक्षकले सिकाई क्रियाकलाप गर्दैमा र विद्यार्थीले कक्षाकोठामा बसेर शिक्षकको निर्देशनमा रहेर सिकाई क्रियाकलापमा सहभागी हुँदैमा शिक्षण प्रभावकारी हुन सक्दैन । विद्यार्थीहरुले सिक्नको लागि शिक्षकबाट के-कति सकारात्मक वातावरण पाउन सफल भए ?, त्यसको साथसाथै कक्षाकोठाको बनावट, झ्याल ढोकाको आकार र अवस्था, कालोपाटीको उपयुक्त स्थान र अवस्था, डेक्स बेन्चको साइज र रखाइको क्रम, शैक्षिक सामग्रीको उपलब्धता आदि जस्ता भौतिक पक्षहरुको अवस्था कस्तो छ ? जस्ता कुराहरुको उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । सिकाई क्रियाकलाप संचालन गर्ने शिक्षक र सिकाई क्रियाकलापमा सहभागी हुने विद्यार्थीहरुको मानसिकतामा यस्ता पक्षहरुले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसको साथै विद्यालय परिसर, जहाँ दिनभरि विद्यार्थीहरुले सिकाइ क्रियाकलापका लागि समय विताएका हुन्छन् , त्यसमा संलग्न भौतिक पक्षहरुको समुचित व्यवस्थापनले उनीहरुको सर्वाङ्गीण

विकासमा आवश्यक शैक्षिक वातावरण तयार पार्न मुख्य भूमिका खेलेको हुन्छ । झापा जिल्लाको पृथ्वीनगर गा.वि.स.भित्र संचालित विद्यालयहरुको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभावलाई प्राप्त सूचनाहरुको आधारमा व्याख्या विश्लेषण गर्ने गरी तयार पारिएको यस शोधअध्ययनमा सिकाई उपलब्धिको प्रभावकारिता मापनका विभिन्न क्षेत्रहरुलाई समेटी व्याख्या विश्लेषण गरिएको छ ।

विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको भर्ना दर, विद्यार्थीहरुको विद्यालयमा उपस्थिति, अतिरिक्त क्रियाकलाप संचालन र सहभागीता, वार्षिक नतिजाको अवस्था जस्ता विद्यालयको सम्पूर्ण शैक्षिक क्रियाकलापका क्षेत्रहरुमा पारेको प्रभावलाई व्याख्या विश्लेषण गरी सिकाई उपलब्धिको प्रभावकारिता अध्ययन गरिएको छ ।

### ४.२.१. **विद्यार्थी भर्ना दरको अवस्था**

यस शोधअध्ययनमा संलग्न गराइएका दुई वटा प्रा.वि. एउटा नि.मा.वि. र दुईवटा मा.वि.हरुमा विद्यालयको भौतिक व्यवस्थापनको आधारमा विद्यार्थीहरुको भर्ना दरलाई हेर्दा फरक फरक रहेको पाइन्छ । यसरी विद्यार्थी भर्ना दरमा विद्यालयको भौतिक व्यवस्थापनले भूमिका खेलेको देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापनले अभिभावक र विद्यार्थीहरुको मानसिकतामा शैक्षिक वातावरण पछिको नकारात्मक धारणा विकास हुनगई विद्यार्थी भर्नामा प्रभाव पारेको छ ।  यस क्षेत्रमा संलग्न गराइएका विद्यालयहरुको शैक्षिक सत्र २०६८ सालको कक्षा ५ को विद्यार्थी भर्ना र कुल विद्यार्थी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.२.१ विद्यार्थी विवरण तालिका (कक्षा ५, शै.स. २०६८)*

| क्र.सं. | विद्यालयको नाम | खुद नयाँ भर्ना | तल्लो कक्षा उतिर्ण | जम्मा |
|---|---|---|---|---|
| 1. | सिंहदेवी प्रा.वि. | 11 | 22 | 33 |
| 2. | दीपक प्रा.वि. | 19 | 26 | 45 |
| 3. | सरस्वःती नि.मा.वि. | 23 | 29 | 52 |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 24 | 37 | 61 |
| 5. | सगरमाथा मा.वि. | 29 | 43 | 72 |

*स्रोत : विद्यालय अभिलेख-२०६८*

माथिको तालिका अनुसार शै.स. २०६८ मा कक्षा ५ मा नयाँ भर्ना हुने र कुल विद्यार्थी संख्यालाई हेर्दा भौतिक व्यवस्थापन निम्न रहेका प्रा.वि.हरुमा नयाँ भर्ना र तल्लो कक्षा उत्तीर्ण भई आउने विद्यार्थीहरु क्रमशः ११ र १९ तथा २२ र २६ गरि कुल संख्या क्रमशः ३३ र ४५ रहेको छ। त्यसैगरी भौतिक व्यवस्थापन मध्यम स्तरको रहेका सरस्वःती नि.मा.वि. र चन्द्रभानुज्योति मा.वि.मा नयाँ भर्ना क्रमशः २३ र २४ तथा तल्लो कक्षा उत्तीर्ण भई आउने क्रमशः २९ र ३७ गरि कुल संख्या क्रमशः ५२ र ६१ रहेको छ। भौतिक व्यवस्थापनमा राम्रो स्थानमा रहेको सगरमाथा मा.वि.मा नयाँ भर्ना २९, तल्लो कक्षा उत्तीर्ण भई आउने ४३ र कुल संख्या ७२ रहेको छ। यसरी नयाँ भर्ना र तल्लो कक्षा उत्तीर्णको आधारमा कुल विद्यार्थी संख्यालाई हेर्दा भौतिक व्यवस्थापन निम्न, मध्यम र राम्रो भएका विद्यालयहरुमा समानुपातीक रुपमा बढ्दो क्रममा रहेको देखिन्छ।

### ४.२.२. **विद्यार्थीहरुको शैक्षिक उपलब्धि नतिजाको अवस्था**

भौतिक व्यवस्थापनले विद्यालयको वार्षिक परीक्षाको नतिजामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपबाट प्रभाव पार्ने गर्दछ। भौतिक व्यवस्थापनले विद्यालयका विद्यार्थीहरुको वार्षिक नतिजामा के कस्तो प्रभाव पारेको छ भनि यस शोधअध्ययनमा संलग्न विद्यालयहरुको शैक्षिक सत्र २०६७ सालको कक्षा ५ को स्रोतकेन्द्र स्तरीय वार्षिक परीक्षाको नतिजाको आधारमा विद्यार्थी उत्तीर्ण विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।


*तालिका ४.२.२ विद्यार्थी उत्तीर्ण विवरण तालिका (कक्षा-५ शै.स. २०६७)*

| क्र.सं. | विद्यालयको नाम | परीक्षामा सहभागी संख्या | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| 1. | सिंहदेवी प्रा.वि. | 27 | 22 | 81.48 |
| 2. | दीपक प्रा.वि. | 32 | 26 | 81.25 |
| 3. | सरस्वःती नि.मा.वि. | 32 | 29 | 90.63 |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 40 | 37 | 92.50 |
| 5. | सगरमाथा मा.वि. | 45 | 43 | 95.56 |

*स्रोत : विद्यालय मार्क लेजर-२०६७*

माथि उल्लेखित तालिकाको आधारमा सिंहदेवि प्रा.वि. र दीपक प्रा.वि.को नतिजा क्रमशः 81.48Ü र 81.25Ü रहेको छ भने सरस्वःती नि.मा.वि. र चन्द्रभानुज्योति मा.वि.को नतिजा क्रमश : 90.63Ü र 92.50Ü रहेको छ। अध्ययनक्षेत्रको उत्क्रिष्ट नतिजाको रुपमा सगरमाथा मा.वि.को 95.56Ü रहेको छ। उक्त नतिजा विवरणलाई प्रतिशतको आधारमा निम्न अनुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

*स्तम्भ चित्र ४.२.२ विद्यार्थी उत्तीर्ण विवरणको स्तम्भ चित्र*




### ४.२.३. **विद्यार्थी सिकाई उपलब्धिको तुलनात्मक अवस्था**

यस अध्ययन क्षेत्रमा संलग्न गराईएका विद्यालयका विद्यार्थीहरुको सिकाई उपलब्धिको तुलनात्मक अध्ययन गर्ने क्रममा प्रत्येक विद्यालयका कक्षा ५ का विद्यार्थीहरुको स्रोतकेन्द्र स्तरीय परीक्षामा उत्तीर्ण संख्या र सहभागी परीक्षार्थीहरुमध्ये १०० पूर्णाङ्कको गणित विषयको उच्चतम प्राप्ताङ्गलाई तुलनात्मक रुपमा तलको तालिकामा उल्लेख गरिएको छ।

*तालिका ४.२.३ विद्यार्थी उत्तीर्ण संख्या र गणित विषयको उच्चतम प्राप्ताङ्क विवरण*

*(कक्षा-५, २०६७)*


| क.सं. | विद्यालयको नाम | उत्तीर्ण संख्या | गणित विषयको उच्चतम प्राप्ताङ्क |
|---|---|---|---|
| 1. | सिंहदेवी प्रा.वि. | 22 | 64 |
| 2. | दीपक प्रा.वि. | 26 | 62 |
| 3. | सरस्वःती नि.मा.वि. | 29 | 69 |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 37 | 71 |
| 5. | सगरमाथा मा.वि. | 43 | 84 |

*स्रोत : विद्यालय मार्क लेजर,२०६७*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा संलग्न विद्यालयहरुको शै.स. २०६७ को स्रोतकेन्द्र स्तरीय कक्षा ५ को वार्षिक परीक्षामा विद्यालयबाट सहभागी परीक्षार्थीहरु मध्ये गणित विषयमा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरुको प्राप्ताङ्कको आधारमा सिंहदेवि प्रा.वि. बाट ६४ अंक, दीपक प्रा.वि.बाट ६२ अंक, सरस्वःती नि.मा.वि. बाट ६९ अंक, चन्द्रभानुज्योति मा.वि.बाट ७१ अंक र सगरमाथा मा.वि.बाट ८४ अंक प्राप्त गर्न सफल भएको देखिन्छ। यसरी प्राप्ताङ्कलाई भौतिक व्यवस्थापनको आधारमा विश्लेषण गर्दा निम्न, मध्यम र राम्रो भौतिक व्यवस्थापन भएका विद्यालयहरुको प्राप्ताङ्क विवरण क्रमशः बढ्दो क्रममा नै रहेको देखिन्छ। यसलाई भौतिक व्यवस्थापनले विद्यार्थीको प्रप्ताङ्कमा पारेको प्रभाव भनि बुझ्न सकिन्छ। माथिको तालिकाको आधारमा गणित विषयमा उच्चतम अंक प्राप्त गर्ने विद्यालयहरुको विवरणलाई तलको स्तम्भचित्रमा पनि देखाइएको छ।

*स्तम्भ चित्र ४.२.३ गणित विषयको उच्चतम प्राप्ताङ्क विवरणको स्तम्भ चित्र*

*(कक्षा-५, शै.स. २०६७)*



### ४.२.४. **विद्यालयमा विद्यार्थी उपस्थितिको अवस्था**

यस शोधअध्ययन कार्य पूरा गर्ने क्रममा संलग्न गराइएका विद्यालयहरुका विद्यार्थीहरुको दैनिक उपस्थितिलाई हेर्दा सबै विद्यालयहरुमा एकैनासको देखिदैन । विद्यालयको भौतिक संरचना र व्यवस्थापनको विविधता झै विद्यार्थी उपस्थितिमा पनि विविधता रहेको पाइन्छ । यस अध्ययनक्षेत्रका विद्यालयहरुमा शैक्षिक सत्र २०६८ भाद्र ७ गते र १३ गतेको कक्षा ५ का विद्यार्थीहरुको उपस्थिति विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.२.४ विद्यार्थी उपस्थिति विवरण (कक्षा ५, शै.स. २०६८)*

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | भाद्र ७ गतेको उपस्थिति संख्या | भाद्र १३ गतेको उपस्थिति संख्या |
|---|---|---|---|---|
| 1. | सिंहदेवी प्रा.वि. | 33 | 21 | 23 |
| 2. | दीपक प्रा.वि. | 35 | 28 | 24 |
| 3. | सरस्वःती नि.मा.वि. | 45 | 36 | 39 |
| 4. | चन्द्रभानुज्योति मा.वि. | 53 | 50 | 47 |
| 5. | सगरमाथा मा.वि. | 57 | 51 | 56 |

स्रोत : विद्यालय अभिलेख-२०६८

माथिको विद्यार्थी उपस्थिति विवरण तालिका अनुसार सबै विद्यालयहरुमा विद्यार्थीहरुको एकैनासको उपस्थिति रहेको पाइदैन । सिंहदेवि प्रा.वि. र दीपक प्रा.वि. को तुलनामा सरस्वःती नि.मा.वि. र चन्द्रभानुज्योति मा.वि.को विद्यार्थी उपस्थिति संख्या बढी रहेको देखिन्छ । त्यसैगरी सगरमाथा मा.वि.मा विद्यार्थी उपस्थिति संख्या सबैभन्दा बढी रहेको देखिन्छ । यसलाई विद्यालयप्रति विद्यार्थीहरुको मानसिकतामा आएको धारणाको रुपमा लिइएको छ ।

### ४.२.५. **विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था**

हरेक विद्यालयको शैक्षिक उपलब्धि मापन र मुल्याङ्कन गर्ने एउटा आधार विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलाप र विद्यार्थीहरुको सहभागिता पनि हो । विद्यार्थीहरुको सिकाई उपलब्धिलाई कक्षाकोठा भित्रको क्रियाकलापले सीमित बनाउने हुनाले कक्षाकोठा

बाहिर गरिने थप क्रियाकलापहरुको पनि उत्तिकै आवश्यकता पर्दछ । यस्ता क्रियाकलापहरुले विद्यार्थीहरुमा पढाई लेखाईको अलावा सिर्जनशील क्षमता, बौद्धिक क्षमता, सिकाईप्रतिको उत्प्रेरणा जस्ता सर्वाङ्गीण पक्षहरुको विकास गर्ने गर्दछ । यसर्थ विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा संचालन हुनु आवश्यक ठानीन्छ । यद्यपी यस्ता प्रकारका कार्यक्रमहरु संचालनका लागि विद्यालयमा आवश्यक भौतिक पुर्वाधार र भौतिक व्यवस्थापनको जरुरत पर्दछ । कार्यक्रम कक्ष, घाँसे मैदान, हावादार तथा छायाँदार ठाउँ लगायत विविध भौतिक पक्षहरुको समुचित व्यवस्थापन गरिएको खण्डमा कार्यक्रम संचालनमा सहयोग पुग्दछ । उपयुक्त भौतिक व्यवस्थापनको आधारमा मात्र यस्ता प्रकारका कार्यक्रमहरु नियमित रुपमा संचालन गर्न सकिन्छ । यस शोधअध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरुमा संचालन हुने गरेका अतिरिक्त क्रियाकलापहरुलाई वार्षिक कार्यतालिका शै.स. २०६७ को आधारमा विवरणात्मक रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका ४.२.५ अतिरिक्त क्रियाकलाप विवरण तालिका (शै.स. २०६७)*


| क्र. सं. | विद्यालयको नाम | क्रियाकलाप विवरण र संचालन संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हाजिरी जवाफ | वाद विवाद | कवि गोष्ठी | हिज्जे | वक्तृत्व | नृत्य | चित्र कला | अन्य | जम्मा |
| 1 | सिंहदेवी प्रा.वि. | 1 | - | 1 | 1 | - | 1 | 2 | 2 | 8 |
| 2 | दीपक प्रा.वि. | 2 | - | 1 | - | - | - | 1 | 2 | 6 |
| 3 | सरस्वःती नि.मा.वि. | 2 | 1 | 1 | 1 | - | 1 | 1 | 3 | 10 |
| 4 | चन्द्रभानुज्योति मा.वि. | 1 | 2 | 1 | 1 | 1 | 1 | 1 | 3 | 11 |
| 5 | सगरमाथा मा.वि. | 2 | 1 | 1 | 1 | 2 | 1 | 1 | 4 | 13 |

*स्रोत : विद्यालय कार्यक्रम अभिलेख, २०६७*

माथि उल्लेखित विभिन्न विद्यालयहरुमा शै.स. २०६७ मा आयोजना भएका अतिरिक्त क्रियाकलापहरुलाई हेर्दा प्रा.वि. विद्यालयहरुमा थोरै मात्रमा हुने गरेको पाइएको छ भने नि.मा.वि. र मा.वि. विद्यालयहरुमा तुलनात्मक रुपमा बढी हुने गरेको पाइएको छ । यस्ता कार्यक्रमहरु संचालनको क्रममा विद्यालयको भौतिक व्यवस्थापनले प्रभाव पारेको देखिएको छ ।

यस अध्ययनमा सहभागी गराइएका विद्यालयहरुले शै.स. २०६७ मा विद्यालयमा संचालन गरेका विभिन्न खाले अतिरिक्त क्रियाकलापहरुलाई संचालन पटकको आधारमा निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ ।

*स्तम्भ चित्र ४.२.५ अतिरिक्त क्रियाकलाप संचालन (पटकमा) को स्तम्भचित्र*




### ४.२.६. **कक्षा शिक्षणको अवस्था**

शैक्षिक क्रियाकलापको केन्दस्थलमा रहेको कक्षा शिक्षण जति प्रभावकारी र अर्थपुर्ण हुनसक्यो त्यति नै सिकाइ उपलब्धि राम्रो हुने गर्दछ । त्यसको लागि कक्षाकोठाको शैक्षिक वातावरण उपयुक्त हुनु आवश्यक छ । कक्षाकोठाको शैक्षिक वातावरण स्वःस्थ र स्वच्छ रुपमा कायम गर्न भौतिक व्यवस्थापनले उत्तिकै भूमिका खेलेको हुन्छ । शिक्षकको शिक्षण विधि, प्रस्तुती लगायत विद्यार्थीहरुमा सिकाई प्रतिको तत्परता, जिज्ञासा तथा उत्तेजना जगाउनको लागि कक्षाकोठाको भौतिक व्यवस्थापनले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस शोधअध्ययन कार्य पूरा गर्ने क्रममा सहभागी गराइएका विद्यालयहरुमा भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभावलाई शिक्षक तथा विद्यार्थीहरुको धारणाको आधारमा निम्न अनुसार वर्गीकरण गरिएको छ ।

#### **क) कक्षा शिक्षणमा पारेको प्रभाव (शिक्षकहरुको धारणा)**

अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुबाट संलग्न गराइएका शिक्षकहरुको कक्षाकोठाको भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव सम्बन्धिको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


*तालिका ४.२.६ (क) भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव*

| क.सं. | प्रभावको अवस्था | शिक्षकको संख्या | प्रतिशत |
|---|---|---|---|
| 1. | थोरै (केहि विद्यार्थी प्रभावित हुने) | 2 | 20 |
| 2. | अलिअलि (थोरै विद्यार्थी आकर्षित हुने) | 3 | 30 |
| 3. | धेरै (बढि विद्यार्थी पढाइमा रुची राख्ने) | 5 | 50 |
| जम्मा | | 10 | 100 |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथि उल्लेखित तालिका अनुसार कक्षाकोठाको भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा प्रत्यक्ष प्रभाव पार्ने कुरालाई प्रष्ट पार्न सकिन्छ । सम्बन्धि विद्यालयका शिक्षकहरुको आधारमा भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा थोरै, अलिअलि र धेरै प्रभाव पार्न सक्ने धारणा पाइएको छ । जस अन्तर्गत भौतिक व्यवस्थापनले उच्च प्रभाव पार्नेमा ५०% धारणा रहेकोले सिकाई उपलब्धिमा भौतिक व्यवस्थापनले मुख्य भूमिका खेल्ने कुरालाई उल्लेख गरिएको छ । उक्त तालिकालाई वृत्तचित्रमा यसरी प्रष्ट पार्न  सकिन्छ ।

*वृत्त चित्र ४.२.६ (क) भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव*




**ख) कक्षा शिक्षणमा पारेको प्रभाव (विद्यार्थीहरुको धारणा)**

अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुबाट संलग्न गराइएका विद्यार्थीहरुको कक्षाकोठाको भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव सम्बन्धिको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


*तालिका ४.२.६ (ख) भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव*

| क्र.सं. | प्रभावको अवस्था | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|---|
| 1. | थोरै | 2 | 20 |
| 2. | अलिअलि | 3 | 30 |
| 3. | धेरै | 5 | 50 |
| जम्मा | | 10 | 100 |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथि उल्लेखित तालिका अनुसार कक्षाको भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा प्रत्यक्ष प्रभाव पारेको कुरालाई हेर्न सकिन्छ । सम्बन्धित विद्यालयका विद्यार्थीहरुको धारणाको आधारमा भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा थोरै, अलिअलि र धेरै प्रभाव पार्न सक्ने पाइएको छ । जस अन्तर्गत भौतिक व्यवस्थापनले उच्च प्रभाव पार्नेमा ४४% धारणा रहेकोले सिकाई उपलब्धिमा भौतिक व्यवस्थापनले मुख्य भूमिका खेल्ने कुरालाई उल्लेख गरिएको छ । उक्त तालिकालाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

*वृत्त चित्र नं. ४.२.६ (ख) भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव*




४.२.७. **भौतिक व्यवस्थापन प्रति अभिभावकहरुको धारणा**

शैक्षिक क्रियाकलापको केन्द्रविन्दुमा रहेको कक्षा शिक्षण जति प्रभावकारी र अर्थपूर्ण हुनसक्यो त्यति नै सिकाइ उपलब्धि राम्रो हुने गर्दछ । त्यसको लागि कक्षाकोठाको शैक्षिक वातावरण उपयुक्त हुनु आवश्यक छ । कक्षाकोठाको शैक्षिक वातावरण संगसंगै विद्यालय हाता, घेरावारा, खेलमैदान खानेपानी, शौचालय, लगायत विद्यालयमा आयोजना गरिने

विभिन्न प्रकारका शैक्षिक क्रियाकलापहरुले विद्यार्थीहरुलाई विद्यालयप्रति उत्प्रेरित गराउने गर्दछ । विद्यालयप्रतिको विद्यार्थीहरुको मनोभावना उत्साहित हुनेहुँदा उनीहरुमा विद्यालय जाने रहर बढ्ने गर्दछ । जसको फलस्वःरुप घरको जे-जस्तो वातावरण रहे तापनि विद्यालयमा गई सिक्नका लागि जागरुक हुने गर्दछन् । यसो हुँदा अभिभावकहरुमा पनि आफ्ना छोराछोरीहरुको शिक्षाप्रतिको लगानी सार्थक हुन जाने र आफूलाई सन्तुष्टि प्राप्त हुनेकुरा उल्लेख गरेको पाइन्छ । यसर्थ विद्यालयको समग्र शैक्षिक व्यवस्थापनमा भौतिक संरचना र व्यवस्थापनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अन्ततः विद्यालयको समुचित भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाईप्रतिको लगाव, अभिभावकहरुको परिश्रम, विद्यालयको शैक्षिक उपलब्धि आदि क्षेत्रमा महत्वपूर्ण योगदान पुग्दछ । यसै सन्दर्भमा विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाईमा पार्नसक्ने प्रभावलाई अभिभावकहरुको धारणाको आधारमा यस प्रकार उल्लेख गरिएको छ ।

*तालिका ४.२.७ भौतिक व्यवस्थापनप्रति अभिभावकको धारणा*

| क.सं. | प्रभावको अवस्था | अभिभावकको संख्या | प्रतिशत |
|---|---|---|---|
| 1. | थोरै | 1 | 10 |
| 2. | सामान्य | 3 | 30 |
| 3. | धेरै | 6 | 60 |
| जम्मा | | 10 | 100 |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथि उल्लेखित तालिका अनुसार विद्यालयको भौतिक व्यवस्थापनले कक्षा शिक्षण लगायत विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकासमा प्रत्यक्ष प्रभाव पार्ने कुरालाई प्रष्ट पार्न सकिन्छ । सम्बन्धित विद्यालयहरुका अभिभावकहरुको भौतिक व्यवस्थापनप्रतिको धारणाको आधारमा विद्यालय, विद्यार्थी तथा अभिभावकहरु समेतमा विद्यालयको भौतिक व्यवस्थापनले पार्ने प्रभावलाई थोरै, सामान्य र धेरै रुपमा उल्लेख गरिएको छ ।

### ४.३. भौतिक व्यवस्थापनका समस्याहरु र समाधानका उपायहरु

विद्यालयद्वारा संचालन गरिने सम्पूर्ण शैक्षिक क्रियाकलापहरुको लागि भौतिक व्यवस्थापन महत्वपूर्ण कार्य हुन जान्छ । भौतिक व्यवस्थापनको प्रभावकारिताको आधारमा विद्यार्थीहरुमा सिकाई उपलब्धि हासिल भएको हुन्छ । तथापि विद्यालयमा भौतिक व्यवस्थापन गर्न त्यति सजिलो देखिदैन जति सैद्धान्तिक रुपबाट हेर्ने गरिएको छ । यसर्थ भौतिक व्यवस्थापनको क्रममा देखिएका विभिन्न प्रकारका समस्याहरुलाई साथै यस अध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरुका प्र.अ. शिक्षक, अभिभावक, स्रोतव्यक्ति आदि वीच गरिएको सामुहिक छलफल र अन्तरक्रियाबाट प्राप्त धारणाको आधारमा उल्लेख गर्दै त्यसका समाधानका उपायहरुलाई पनि समावेश गरिएको छ ।

#### ४.३.१. भौतिक व्यवस्थापनका समस्याहरु

कुनैपनि कार्य सम्पादन गर्ने क्रममा विभिन्न प्रकारका समस्याहरु आउने गर्दछन् । समस्या विनाका कार्यहरु सायदै नहोलान् । शिक्षा क्षेत्रका हरेक प्रकारका गतिविधिहरु र क्रियाकलापहरु संचालनको क्रममा पनि विभिन्न खाले बाधा अवरोध र समस्याहरु आइरहेका छन् । यस्ता समस्याहरुले लक्षित कार्यक्रमहरुप्रति अवरोध उत्पन्न गराउने गर्दछ । यस शोधअध्ययनमा विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभावलाई लेखाजोखा गरिएको छ । विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने महत्वपूर्ण शैक्षिक व्यवस्थापन अन्तर्गतको भौतिक व्यवस्थापनमा पनि विभिन्न प्रकारका समस्याहरु रहेका छन् । भौतिक व्यवस्थापनमा समस्याहरु नहुँदो हो त सबै विद्यालयहरुको शैक्षिक वातावरण र शैक्षिक उपलब्धि समान स्तरको हुने थियो । यस अध्ययन क्षेत्रमा सहभागी गराइएका विद्यालयहरुवीचको शैक्षिक वातावरण र सिकाई उपलब्धिमा देखिएका भिन्नताहरुको आधारमा भौतिक व्यवस्थापनमा देखिएका समस्याहरु पनि मूख्य हुन् भन्ने मानिएको छ । यस अध्ययन क्षेत्रका विद्यालयहरुको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

- विद्यालयमा आर्थिक स्रोतको अभाव हुनु ।
- शिक्षकहरुको भूमिका न्यून हुनु ।
- विद्यालयमा अभिभावकहरुको उपस्थिति न्यून हुनु ।
- प्र.अ. एक्लैको भूमिका नगण्य हुनु ।
- विद्यालयमा साधन र स्रोतको पर्याप्तता नहुनु ।

- विद्यालयमा कर्मचारीको संख्या कम हुनु ।
- शैक्षिक कार्यक्रम सैद्धान्तिक रुपमा सीमित हुनु ।
- शैक्षिक निकायले अनुगमन र अनुदान प्रदान गर्न नसक्नु ।
- राज्यको शैक्षिक नीति र कार्यान्वयनमा मेल नखानु ।
- भौतिक सामग्री जुटाउन आर्थिक कठिनाई हुनु ।
- व्यवस्थापनमा सामुहिक सहयोग र जिम्मेवारीको कमी हुनु ।
- भौतिक व्यवस्थापन सम्बन्धि तालिमको अभाव हुनु ।
- भौतिक व्यवस्थापनले सिकाईमा पार्ने प्रभावसम्बन्धी प्रकाश पार्न नसक्नु ।
- शिक्षकहरुमा बालमनोविज्ञानको अभाव हुनु ।
- अन्तर विद्यालयस्तरीय शैक्षिक प्रतिस्पर्धा नहुनु ।
- भौतिक व्यवस्थापन र सिकाईवीचको अन्तरसम्बन्ध बुझ्न र बुझाउन नसक्नु ।

### ४.३.२. **भौतिक व्यवस्थापनका  समस्या समाधानका उपायहरु :**

ज्ञानकुञ्जको रुपमा रहेको विद्यालय स्वःस्थ, सफा र सिर्जनशील वातावरणको हुनु आवश्यक छ । विद्यालयको शैक्षिक वातावरणले शिक्षा आर्जन गर्न आइपुगेका सबैखाले वालवालिकाहरुको मन जित्न सक्नु पर्दछ । विद्यार्थीहरुको भावनात्मक उत्तेजनालाई शैक्षिक संवेगको रुपमा रुपान्तरण गर्न सकेमा सिकाई क्रियाकलापबाट आशातित लक्ष्य प्राप्त गर्न सकिन्छ । यसको लागि विद्यालयको शैक्षिक वातावरणलाई प्राथमिकतामा राखिनु पर्दछ । शैक्षिक वातावरण निर्माण गर्नको लागि विद्यालयको भौतिक पक्षको सबलता र व्यवस्थापन प्रमुख हुन आउँछ । भौतिक व्यवस्थापन नै यस्तो पक्ष हो जसले विद्यार्थीहरुलाई स्वः-स्फूर्त रुपमा सिकाई क्रियाकलापमा आकर्षित र उत्तेजित पारेको हुन्छ । जुन विद्यालयमा भौतिक व्यवस्थापन समुचित ढंगले हुन सकेको छैन, त्यहाँका विदार्थीहरुको सिकाईप्रतिको मनोभावना ह्रासोन्मूख रुपमा बढेको हुन्छ । त्यसैले विद्यार्थीहरुको सिकाई उपलब्धि र विद्यालयको भौतिक व्यवस्थापनलाई एक अर्काका पुरकको रुपमा हेरिनु पर्दछ ।
सिकाई उपलब्धिको महत्व बोकेको कारक तत्व भौतिक व्यवस्थापनलाई सैद्धान्तिक रुपमा सबैले बुझेको भए तापनि व्यवहारिक पक्ष तर्फ अग्रसर हुने गरेको पाइदैन । भौतिक व्यवस्थापन त्यति सजिलो हुन र गर्न पनि सकिदैन यसको लागि विद्यालयको प्र.अ. तथा शिक्षक कोहि एक्लैले मात्र गरेर सम्भव हुँदैन । यसर्थ भौतिक व्यवस्थापन गर्ने क्रममा देखिएका विभिन्न समस्याहरुको आधारमा त्यसको निराकरण गर्न सकेमा मात्र यो सम्भव

छ । यस अध्ययन क्षेत्रमा समावेश गराइएका विभिन्न प्रा.वि., नि.मा.वि. तथा मा.वि. विद्यालयहरुको भौतिक व्यवस्थापन र भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुको आधारमा सम्बन्धित विद्यालयको प्र.अ., शिक्षक, अभिभावक तथा स्रोतव्यक्तिहरुवीच गरिएको सामुहिक छलफलद्वारा प्राप्त निष्कर्षहरुको आधारमा समाधानका उपायहरुलाई निम्नअनुसार उल्लेख गरिएको छ ।

- प्र.अ.को भुमिका सक्रिय र सिर्जनात्मक हुनुपर्ने ।
- विद्यालय नेतृत्वकर्तालाई भौतिक व्यवस्थापन सम्बन्धि तालीमको व्यवस्था हुनुपर्ने ।
- प्र.अ. मार्फत शिक्षक तथा अभिभावकहरुको भेला गराई आवश्यक सहयोगको आह्वान गर्नुपर्ने ।
- विद्यालयले भौतिक व्यवस्थापन र सिकाई उपलब्धिवीचको अन्तरसम्बन्ध अभिभावकहरुलाई प्रष्ट पार्नुपर्ने ।
- विद्यालयको वार्षिक कार्यतालिकामा भौतिक व्यवस्थापनलाई प्राथमिकता दिइ कार्यान्वयन तर्फ सबै जुट्नुपर्ने ।
- विद्यार्थीहरुको सिकाई क्रियाकलापप्रति समग्र विद्यालय परिवार समर्पित हुनुपर्ने ।
- बालमनोविज्ञानले सिकाईमा पार्ने प्रभाव बारे शिक्षकहरुलाई समय समयमा पुनर्ताजगी गराइनुपर्ने ।
- शैक्षिक बुलेटिन तथा समाचार विद्यालयमा अनिवार्य उपलब्ध गराईनुपर्ने ।
- विद्यालय अनुगमन प्रणालीलाई क्रियाशिल गराइनुपर्ने ।
- सम्बन्धित निकायबाट भौतिक व्यवस्थापनकालागि आर्थिक स्रोत र सहयोग जुटाउनुपर्ने ।
- अन्तरविद्यालय शैक्षिक भ्रमणको व्यवस्था गर्नुपर्ने ।
- स्रोतव्यक्ति मार्फत प्र.अ. भेलामा उदाहरणीय विद्यालयहरुको व्यवस्थापन प्रक्रिया सम्बन्धि धारणा दिनुपर्ने ।

# परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझावहरु

झापा जिल्लाको पृथ्वीनगर गा.वि.स.मा संचालित विद्यालयहरुलाई समावेश गरिएको यस शोध अध्ययन कार्य पुरा गर्ने क्रममा उपलब्ध सूचनाहरुको आधारमा शोधपत्रको उद्देश्य अनुरुप गरिएको व्याख्या विश्लेषण बाट आएका प्राप्ती, निष्कर्ष र सुझावहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.१. प्राप्ती

यस शोधअध्ययन कार्यमा संलग्न गराइएका पृथ्वीनगर गा.वि.स.का प्रा.वि., नि.मा.वि. र मा.वि.हरुमा रहेको भौतिक व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभावलाई लेखाजोखा गर्ने क्रममा विविधतापूर्ण सूचनाहरु उपलब्ध भएको छ । अध्ययन क्षेत्रमा संलग्न विद्यालयहरुको भौतिक व्यवस्थापनको लागि आवश्यक भौतिक संरचना र भौतिक वस्तुहरुको विवरणात्मक अध्ययन गर्दा सबै विद्यालयहरुमा एकरुपता रहेको देखिएन । तुलनात्मक रुपमा मा.वि. र नि.मा.वि. भन्दा प्रा.वि.हरुमा भौतिक संरचना नै न्यून रहेको पाइयो । मा.वि.हरुमा भने भौतिक संरचना र वस्तुहरुको विवरणात्मक अवस्था बढी रहेको पाइयो । जसको आधारमा भौतिक व्यवस्थापन पक्ष मा.वि.मा राम्रो र नि.मा.वि. र प्रा.वि.मा मध्यम तथा निम्न स्तरको रहेको पाइयो । शैक्षिक वातावरण सन्तुलनको लागि आवश्यक ठानिएका पक्षहरु जस्तै कक्षाकोठा, शौचालय, विद्युत, कार्यालय कक्ष, खानेपानी, फर्निचर जस्ता समेत पर्याप्त मात्रमा नरहेकोले प्रा.वि. तथा केही मा.वि.हरुमा भौतिक व्यवस्थापनमा कठिनाई रहेको पाइयो ।

यसैगरी भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभावलाई तुलनात्मक रुपमा अध्ययन गर्ने क्रममा प्रयोग गरिएका सूचाङ्कहरु अन्तर्गतका विद्यालयमा विद्यार्थी उपस्थिति, स्रोतकेन्द्र स्तरीय परीक्षाको नतिजा, अतिरिक्त क्रियाकलाप, कक्षा शिक्षणमा पारेको प्रभाव आदि हेर्दा विद्यालयहरुको भौतिक व्यवस्थापनको आधारमा भिन्नता रहेको पाइयो । प्रा.वि. विद्यालयहरुमा भौतिक संरचना र भौतिक व्यवस्थापनकै कारण विद्यालयको शैक्षिक क्रियाकलाप नियमित र निरन्तर रुपले अगाडि बढ्न नसकेको, विद्यार्थीहरुको मनोभावनालाई केन्द्रिक्रित गर्न नसकेको आदि कारणले सिकाई क्रियाकलापमा

प्रभावकारिता आउन नसकी सिकाई उपलब्धिमा लक्ष्योन्मुख सफलता हासिल गर्न नसकिरहेको पाइयो भने भौतिक व्यवस्थापन राम्रो देखिएका मा.वि. विद्यालयहरुको शैक्षिक गतिविधि नियमित र चुस्त रहेकाले विद्यार्थीहरुको सिकाई उपलब्धिमा सकारात्मक प्रभाव परेको पाइयो ।

अन्तत; सिकाई उपलब्धिमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने महत्वपूर्ण पक्षको रुपमा रहेको भौतिक व्यवस्थापन भित्र विभिन्न प्रकारका समस्याहरु रहेको देखियो । विद्यालयको भौतिक व्यवस्थापन केवल सैद्धान्तिक कागजे रुपबाट मात्र नहुने हुनाले सम्बन्धित सबै पक्षको प्रत्यक्ष उपस्थिति, आर्थिक सहयोग, स्रोत र साधनको व्यवस्था, व्यवस्थापकीय तालिम आदि जस्ता कुराहरु समस्याको रुपमा देखिए भने यिनै पक्षहरुलाई सबल र सक्षम बनाई सैद्धान्तिक धारणालाई व्यवहारिक रुपमा रुपान्तरण गर्न सबै एकजुट भए लक्ष्योन्मुख प्रभावकारिता आउनेमा कसैको दुईमत नरहने देखिन्छ ।

**५.२. निष्कर्ष**

यस पृथ्वीनगर गा.वि.स.का विद्यालयहरुलाई समावेश गरी गरिएको "विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभाव" सम्बन्धि यस शोधअध्ययन एउटा निष्कर्ष निकाल्न सफल भएको छ ।

पक्कै पनि विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको शैक्षिक क्रियाकलाप र उपलब्धिमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस अध्ययनमा संलग्न गराइएका विद्यालयहरुको भौतिक व्यवस्थापनको अवस्था अनुरुप विद्यार्थीहरुको सिकाई उपलब्धिमा पनि प्रभाव परेको छ । यस क्षेत्रमा रहेका प्रा.वि.हरुको भौतिक व्यवस्थापन कमजोर देखिनुको साथसाथै ति विद्यालयका विदार्थीहरुको शैक्षिक स्तर, विद्यालयमा उपस्थिति, अतिरिक्त क्रियाकलाप संचालन र सहभागिता, विद्यार्थी भर्ना र संख्या आदि पनि न्यून रहेको छ । यसैगरी थोरै मात्रामा भौतिक व्यवस्थापन राम्रो हुन पुगेका नि.मा.वि. तथा केही मा.वि. हरुको शैक्षिक गतिविधि, विद्यार्थी सिकाई उपलब्धि, विद्यालयमा विद्यार्थी उपस्थिति आदि मध्यम खालको रहेको छ । अन्तत : जुन विद्यालयको भौतिक व्यवस्थापन तुलनात्मक रुपमा

अरुको भन्दा राम्रो देखिएको छ ति विद्यालयहरुको शैक्षिक क्रियाकलाप, विद्यार्थी उपस्थिति, शैक्षिक स्तर लगायत सर्वाङ्गिण पक्षमा सकारात्मक प्रभाव परेको छ ।

यसर्थ भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पारेको निष्कर्ष निकालिएको छ । यद्दपि भौतिक व्यवस्थापनमा पनि विभिन्न खाले समस्याहरु रहेको छ । जसको कारण स्वःरुप भौतिक व्यवस्थापकीय धारणा र सोच बोकेका विद्यालयहरुले पनि कार्यसम्पादनमा अगाडि बढ्न भने सकिरहेका छैनन् । यसको लागि सम्बन्धित सबै पक्षको ध्यान केन्द्रित हुनु आवश्यक देखिएको छ ।

५.३. **सुझावहरु**

यस शोधअध्ययन कार्य पुरा गर्ने क्रममा अध्ययन क्षेत्रमा विभिन्न खाले समस्याहरु देखिएका छन् । विद्यार्थीहरुको सिकाई उपलब्धिलाई प्रत्यक्ष प्रभाव पार्ने भौतिक पक्षको व्यवस्थापन पक्षमा देखिएको समस्या समाधानार्थ सम्बन्धित सबै पक्षको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । यसको साथै विद्यालयको भौतिक पक्षको व्यवस्थापनका लागि सर्वप्रथम केन्द्रीय तहबाट नै नीतिगत रुपमा आउनुपर्ने देखिन्छ । केन्द्रीय तहबाट नै विद्यालय भौतिक पक्ष र व्यवस्थापनको बजेट विनियोजन तथा व्यवस्थापकीय तालिम तथा कार्यान्वयनमा सक्रिय भएर जानुपर्ने देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापन र सिकाई उपलब्धि विचको सम्बन्धलाई विद्यालय नेतृत्वकर्ता समक्ष प्रस्ट्याउनुपर्ने देखिन्छ ।

यसर्थ स्थानिय स्तर र स्वःयं विद्यालयहरुले जिम्मेवारीपुर्वक विद्यार्थीहरुको भविष्य निर्माण क्षेत्र विद्यालय नै हो भन्ने कुरालाई आत्मसात गरी सोही अनुसारका शैक्षिक गतिविधि संचालन गर्दै आवश्यक भौतिक व्यवस्थापनमा सकारात्मक ढंगबाट जोड दिनुपर्ने देखिएको छ । हरेक विद्यालयले आफ्ना अभिभावक तथा सरोकारवालाहरुलाई भेला गराई विद्यालयको भौतिक संरचना, अवस्था तथा व्यवस्थापनका लागि आवश्यक कुराहरु लगायत उनिहरुको भूमिकालाई प्रष्ट्याउनुपर्ने देखिएको छ । अन्ततः शिक्षा संग सम्बन्धित जो कोही शिक्षाप्रेमी र सरोकारवालाले विद्यार्थीहरुको सुनौलो भविष्य निर्माणथलो विद्यालयप्रति सकारात्मक, रचनात्मक र सृजनशिल धारणाको विकास गरी व्यवहारमा उतार्न आफ्नो सहभागिताको प्रतिवद्धता प्रण गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थ

अधिकारी, विष्णुप्रसाद (२०६८), *नेपालको शैक्षिक प्रणाली,* काठमाण्डौ : आशिष बुक्स हाउस सर्भिस ।

आचार्य, बलराम (२०६२), *अनुसन्धान पद्दति तथा प्रतिवेदन लेखन,* काठमाण्डौ : नेशनल बुक सेन्टर ।

उपाध्याय, नारायण (२०६६), *शिक्षक मासिक पत्रिका, वर्ष २, अंक २२,* ललितपुर : जगदम्बा प्रेस ।

खनाल एण्ड तिमिल्सीना (२०६१), *गुणात्मक मुल्याङ्कन अनुसन्धान,* कीर्तिपुर : क्षितिज प्रकाशन ।

दाहाल, भोलाप्रसाद (२०६८), *शिक्षक मासिक पत्रिका, वर्ष ४, अंक ४५,* ललितपुर : जगदम्बा प्रेस ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका,* भक्तपुर : लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द (२०६८), *प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम,* भक्तपुर : लेखक ।

राजभण्डारी, शिवकुमार (२०६४), शोधपत्र (अप्रकाशित), *विद्यालयमा प्र.अ.को भुमिका र चुनौती* सम्बन्धी एक अध्ययन, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाण्डौ ।

लम्साल, हरिप्रसाद (२०६४), *शिक्षाका समकालिन चुनौतीहरु,* ललितपुर : जगदम्बा प्रेस ।

शर्मा, धनञ्जय (२०६७ असार), *शिक्षक मासिक पत्रिका,* ललितपुर : जगदम्बा प्रेस ।

शर्मा, चिरञ्जीवी एण्ड निर्मला (२०६५), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाण्डौ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

शर्मा एण्ड शर्मा (२०६४), *शिक्षाको परिचय,* काठमाण्डौः राज अफसेट प्रेस ।

शिक्षा विभाग (२०६६), *शैक्षिक स्मारिका,* भक्तपुर : लेखक ।

## भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव

### अनुसूची क

### छात्र/छात्राहरुका लागि तयार पारिएको प्रश्नावली-२०६८

1. तिमीहरुको नाम के-के हो ?

उत्तर : ....................................................................................................

2. यो वर्ष विद्यालयमा नयाँ भर्ना भई आउने को-को हौ ?

उत्तर : ....................................................................................................

3. विद्यालयमा पढाई कस्तो हुन्छ ?

उत्तर : ....................................................................................................

4. कुन-कुन विषय कुन-कुन शिक्षक/शिक्षिकाले पढाउनुहुन्छ ?

उत्तर : ....................................................................................................

5. सबैभन्दा राम्रो र बुझिने विषय कुन हो ?

उत्तर : ....................................................................................................

6. विद्यालय आउन कतिको रहर लाग्छ ?

उत्तर : ....................................................................................................

7. किन विद्यालयमा अनुपस्थित हुन्छौ ?

उत्तर : ....................................................................................................

8. विद्यालय आएर पढ्न मन लाग्दैन ?

उत्तर : ....................................................................................................

9. अतिरिक्त क्रियाकलाप भनेको बुझ्छौ ?

उत्तर : ....................................................................................................

10. गत वर्षको सबैभन्दा राम्रो कार्यक्रम याद छ ? के हो ?

उत्तर : ....................................................................................................

11. विद्यालयको शैक्षिक वातावरण भनेको बुझ्छौ ?

उत्तर : ....................................................................................................

12. अनि भौतिक व्यवस्थापन भनेको थाहा छ ?

उत्तर : ....................................................................................................

13. तिम्रो विद्यालयमा कक्षाकोठा, शौचालय, खेलकुद सामग्री के-कस्तो छ ?

उत्तर : .............................................................................................

14. भौतिक व्यवस्थापन राम्रो हुँदा तिमीहरुलाई के फाइदा हुन्छ ?

उत्तर : .............................................................................................

15. विद्यालयको वातावरण कस्तो भएमा पढ्न मन लाग्छ ?

उत्तर : .............................................................................................

16. कक्षाकोठा कस्तो हुनुपर्ने हो ?

उत्तर : .............................................................................................

17. भौतिक व्यवस्थापनलाई निम्न, मध्यम र राम्रो भनेर छुट्याउन सक्छौ ?

उत्तर : .............................................................................................

## भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव

### अनुसूची ख

### शिक्षकहरुका लागि तयार पारिएको प्रश्नावली-२०६८

1. सरको शुभनाम के होला ?

उत्तर : ....................................................................................................

2. कति वर्षदेखि कार्यरत हुनुहुन्छ ?

उत्तर : ....................................................................................................

3. कुन विषय शिक्षण गर्नुहुन्छ ?

उत्तर : ....................................................................................................

4. तपाईको विषयमा विद्यार्थीहरु कस्ता छन् ?

उत्तर : ....................................................................................................

5. शिक्षण सिकाई क्रियाकलापलाई के कस्ता कुराहरुले प्रभाव पार्दछ ?

उत्तर : ....................................................................................................

6. विद्यालयको वर्तमान अवस्था कस्तो छ ?

उत्तर : ....................................................................................................

7. यहाँको कुल विद्यार्थी संख्या कति छन् ?

उत्तर : ....................................................................................................

8. विद्यालयमा विद्यार्थीहरुको नियमित उपस्थिति कस्तो रहेको छ ?

उत्तर : ....................................................................................................

9. विद्यालयमा अतिरिक्त क्रियाकलाप कतिको हुने गर्दछ ?

उत्तर : ....................................................................................................

10. यस्ता कृयाकलापमा विद्यार्थीहरुको सहभागीता कस्तो रहन्छ ?

उत्तर : ....................................................................................................

11. अतिरिक्त क्रियाकलाप संचालन हुने दिन विद्यार्थी अनुपस्थित हुनुको कारण के छ ?

उत्तर : ....................................................................................................

12. विद्यालयको वार्षिक कार्यतालिका अनुसार शैक्षिक क्रियाकलाप गर्ने गर्नुहुन्छ ?

उत्तर : ....................................................................................................

13. यस विद्यालयको भौतिक व्यवस्थापन कस्तो छ ?

उत्तर : ........................................................................................

14. भौतिक व्यवस्थापनले तपाईले शिक्षण गर्ने कक्षाकोठामा कस्तो प्रभाव पारेको छ ?

उत्तर : ........................................................................................

15. विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाईमा कसरी प्रभाव पार्छ ?

उत्तर : ........................................................................................

16. प्रा.वि., नि.मा.वि. र मा.वि. मा भौतिक व्यवस्थापन फरक हुनुको कुनै कारण छ ?

उत्तर : ........................................................................................

17. उचित प्रकारले भौतिक व्यवस्थापन गर्न नसक्नु के कारण हो ?

उत्तर : ........................................................................................

18. भौतिक व्यवस्थापन सम्बन्धी कहिलेकाहीं शिक्षक बैठकमा छलफल गर्नुहुन्छ ?

उत्तर : ........................................................................................

19. यसको समाधानको कुनै उपाय छैन ?

उत्तर : ........................................................................................

## भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ग

### प्र.अ. हरुका लागि तयार पारिएको प्रश्नावली-२०६८

1. सरको शुभनाम के होला ?

उत्तर : ..........................................................................................

2. कति वर्षदेखि कार्यरत हुनुहुन्छ ?

उत्तर : ..........................................................................................

3. अनि विद्यालय नेतृत्व पदमा कहिलेदेखि हुनुहुन्छ ?

उत्तर : ..........................................................................................

4. समग्रमा सरको विद्यालय कस्तो छ त ?

उत्तर : ..........................................................................................

5. यहाँका राम्रा र सुधार्नुपर्ने पक्षहरु के के छन् ?

6. ् उत्तर : ..........................................................................................

7. विद्यालयका शैक्षिक क्रियाकलापहरु कसरी संचालन भइरहेका छन् ?

उत्तर : ..........................................................................................

8. विद्यालयको शैक्षिक क्यालेण्डर अनुसार क्रियाकलाप गर्ने गर्नुभएको छ ?

उत्तर : ..........................................................................................

9. यहाँको भौतिक पक्षको अवस्था कस्तो रहेको छ ?

उत्तर : ..........................................................................................

10. व्यवस्थापन चाहिं कसरी गर्नुभएको छ ?

उत्तर : ..........................................................................................

11. भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पार्ने प्रभावलाई कसरी बुझ्नुभएको छ ?

उत्तर : ..........................................................................................

12. यहाँको भौतिक व्यवस्थापनको अवस्थालाई कस्तो प्रकारको भनी मान्न सकिन्छ ?

उत्तर : ..........................................................................................

13. के बालमनोविज्ञानमा आधारित भौतिक व्यवस्थापन गर्नुभएको छ ?

उत्तर : ..........................................................................................

14. सरले भौतिक व्यवस्थापन सम्बन्धी कुनै तालिम लिनुभएको छ ?

उत्तर : ........................................................................................

15. भौतिक व्यवस्थापनको लागि आर्थिक सहयोग तथा श्रोत कसरी जुटाउनुहुन्छ ?

उत्तर : ........................................................................................

16. भौतिक व्यवस्थापन र सिकाई उपलब्धिवीचको सम्बन्धलाई शिक्षक तथा अभिभावक वीच कुनै आवश्यक छलफल गराउनुभएको छ ?

उत्तर : ........................................................................................

17. भौतिक व्यवस्थापनको समस्या कहाँनेर रह्यो त ?

उत्तर : ........................................................................................

18. भौतिक व्यवस्थापनका समस्या समाधानका उपायहरु के के हुनसक्छ ?

उत्तर : ........................................................................................

19. अन्त्यमा भौतिक व्यवस्थापन र सिकाई उपलब्धि सम्बन्धी के भन्न चाहनुहुन्छ ?

उत्तर : ........................................................................................

## भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव

### अनुसूची घ

### सामुहिक छलफलका लागि तयार पारिएको बुँदागत प्रश्नावली-२०६८

**(प्र.अ., शिक्षक, अभिभावक तथा शिक्षाप्रेमी र श्रोतव्यक्ति)**

1. विद्यालयको शैक्षिक व्यवस्थापनको बारेमा ।

2. शैक्षिक व्यवस्थापन अन्तर्गतका भौतिक व्यवस्थापन सम्बन्धमा ।

3. भौतिक व्यवस्थापनको आवश्यकता सम्बन्धमा ।

4. भौतिक व्यवस्थापन सम्पादन गर्ने जिम्मेवार व्यक्तिको सम्बन्धमा ।

5. भौतिक व्यवस्थापनका समस्याहरु र समाधानका उपायहरु ।

6. विद्यालयको शैक्षिक क्रियाकलाप र भौतिक व्यवस्थापनको सम्बन्ध ।

7. भौतिक व्यवस्थापन र बालमनोविज्ञान सम्बन्धमा ।

# भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ङ

### नमूना छनौटमा परेका विद्यालयहरुको विवरण-२०६८

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | प्र.अ.को नाम | शिक्षक/शिक्षिका संख्या | कर्मचारी (पियन) | कुल विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| 1. | श्री दीपक प्रा.वि. | पृथ्वीनगर-१ | श्री घनश्याम खनाल | 8 | 1 | 95 |
| 2. | श्री सिंहदेवी प्रा.वि. | पृथ्वीनगर-५ | श्री प्रेमचन्द थापा | 8 | 1 | 185 |
| 3. | श्री चन्द्रभानुज्योति मा.वि. | पृथ्वीनगर-४ | श्री सुरेश कुमार राई | 21 | 1 | 588 |
| 4. | श्री सगरमाथा मा.वि. | पृथ्वीनगर-५ | श्री कुमार कार्की | 19 | 1 | 567 |

श्रोत : विद्यालय अभिलेख-२

# भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव

## अनुसूची च

*विद्यालयको भौतिक विवरण तालिका-२०६८*

| क.सं. | विवरण | विद्यालयको नाम | | | | |
|---|---|---|---|---|---|---|
| | | सिंहदेवि प्रा.वि. | दीपक प्रा.वि. | सरस्वती नि.मा.वि. | चन्द्रभानुज्योति मा.वि. | सगरमाथा मा.वि. |
| 1. | कार्यालय कक्ष * | छैन | छैन | छ | छ | छ |
| 2. | प्र.अ. कक्ष * | छ | छ | छ | छ | छ |
| 3. | शिक्षक कक्ष * | छैन | छ | छ | छ | छ |
| 4. | पुस्तकालय कक्ष | छैन | छैन | छैन | छ | छ |
| 5. | प्रयोगशाला | छैन | छैन | छैन | छैन | छ |
| 6. | कम्प्यूटर कक्ष | छैन | छैन | छ | छ | छ |
| 7. | भण्डार कक्ष * | छ | छ | छ | छ | छ |
| 8. | कक्षाकोठा (संख्यामा) * | ६ ओटा | ७ ओटा | १० ओटा | १३ ओटा | १४ ओटा |
| 9. | खेलमैदान * | छ | छ | छ | छ | छ |
| 10. | घेरावारा | छैन | छैन | छ | छैन | छ |
| 11. | वगैचा | छैन | छ | निम्न | छैन | छैन |
| 12. | खेलकुद सामग्री * | थोरै | थोरै | छ | छ | छ |
| 13. | शैक्षिक सामग्री * | छैन | थोरै | छ | छ | छ |
| 14. | शौचालय * | छैन | छ | छ | छ | छ |
| 15. | पिउने पानी * | छ | छ | छ | छ | छ |
| 16. | विद्युत * | छैन | छ | छ | छ | छ |
| 17. | फर्निचर (पर्याप्त) * | छैन | छैन | छ | छ | छ |
| 18. | भवन | पक्की (टिन छाना) | पक्की (टिन छाना) | पक्की (टिन छाना) | पक्की (टिन छाना) | पक्की (टिन छाना) |

*श्रोत : स्थलगत सर्वेक्षण-२०६८*

*नोट :* चिन्ह प्रयोग गरिएकालाई भौतिक व्यवस्थापनमा प्रमुख आधार मानिएको छ ।*